# सिपाही
पाक्षिक

रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो
जिउँदो रगत सरी यो बल्दो यो शान हाम्रो
हिमाल झैं अटल यो झुकेन यो कहिल्यै
लत्रेन यो कहिल्यै जङ्गी निशान हाम्रो
यो जन्मदै जगतमा कैयौं प्रहार आए
साम्राज्य दुई हारे हारेन शान हाम्रो
जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो
गाई सरी छन् साधु जो जो यहाँ जगत्मा
सबको शरण बलियो जङ्गी निशान हाम्रो

वर्ष ८ | अङ्क १० | पृष्ठ ८+४ (चन्दननाथ गणको अतिरिक्ताङ्क सहित) | १५ पुस २०६९



## नेपाली सेनाद्वारा निर्माण गरिएको नाग्मा-गमगढी सडकमा यातायात शुभारम्भ

सम्माननीय प्रधानमन्त्री डा. श्री बाबुराम भट्टराईले यही पुस १ गते नेपाली सेनाद्वारा निर्माण



सम्माननीय प्रधानमन्त्री डा. श्री बाबुराम भट्टराई नेपाली सेनाले निर्माण गरेको नाग्मा-गमगढी सडक (कर्णाली राजमार्ग) समुद्घाटन गर्नुहुँदै ।

गरिएको नाग्मा-गमगढी सडक (कर्णाली राजमार्ग) एक समारोहकोबीच समुद्घाटन गरी सार्वजनिक यातायातको शुभारम्भ गर्नु भयो ।




कालीकोट जिल्लाको नाग्मागाडबाट जुम्ला जिल्ला हुँदै मुगु जिल्लाको गमगढीसम्मको ९३ किलोमिटर सडक निर्माण कार्य नेपाली सेनाले आर्थिक वर्ष ०६४/६५ को चैत्र महिनाबाट शुरु गरेको थियो। यस सडक आयोजना कालिकोट जिल्लाको करिव १३००० फिट उचाईमा पर्ने घुच्चीको लेकलाई छलेर ११५०० फिट उचाईबाट ताल्चा विमानस्थल हुँदै मुगु जिल्लाको सदरमूकाम गमगढीसम्म पुग्दछ। यस आयोजनाको कूल लगत १ अर्ब ५८ करोड रहेकोमा सेनाबाट हालसम्म ५४ करोड रकम खर्च भएको छ । यस राजमार्गले नेपाली भाषाको उद्गमस्थल, ऐतिहासिक सिंजा उपत्यका र रारा तालजस्तो पर्यटकीय महत्त्व बोकेको क्षेत्र तथा मुगु जिल्लाको सदरमूकाम गमगढीलाई राष्ट्रको यातायात संजालमा जोड्ने काम गर्दछ । निर्माण सम्पन्न भएपछि नेपालकै अतिदूर्गम तथा मानव विकासमा पछाडि परेको मुगु जिल्लाका बासिन्दाले गाँस, बास, स्वास्थ्य र शिक्षाको सुलभता र विकासको अनुभव गर्न पाएका छन् । यस बाहेक मुगु जिल्लाका साथै हुम्ला, जुम्ला र डोल्पा जिल्लामा उत्पादित विभिन्न कृषि तथा निकासीजन्य वनपैदावार बस्तुहरुले पनि सुगमरुपमा बजारसम्म पुग्ने मौका पाई आयआर्जनमा टेवा पुग्ने भएको हुँदा यस कर्णाली राजमार्गको ठूलो महत्त्व रहेको छ ।

बाँकी पेज ३ मा

### सडकको प्राविधिक विशेषता

यस राजमार्गको डिजाईन स्ट्याण्डर्ड
चौडाई : ५.५ मी,
सतहको किसिमः ग्राभेल र माटो,
अधिकतम ग्रेडियण्ट : १२ प्रतिशत
औषत ग्रेडियण्ट : ७ प्रतिशत
न्युनतम रेडियस : १२ मी,
ऐक्सेप्शनल रेडियस :१० मी,
सडक सीमा १५.१५ मी (केन्द्रबिन्दुबाट दायाँबायाँ)

### सडक निर्माणमा नेपाली सेनाको हालसम्मको योगदान

स्थापनाकालदेखि नै घोटेडा, गोरेटो लगायत विविध सार्वजनिक निमार्णमा संलग्न भएको नेपाली सेनाले सडक निर्माणको यात्रा वि.सं. २०१३ सालमा भक्तपुर-नगरकोट सडकबाट शुरु गरेको थियो । सडक निर्माणको यात्रालाई वि.सं. २०१६ सालमा ९५ की.मी. लम्बाईको कान्तिराजपथ, त्रिसुली- सोम्दाङ्ग सडक १०५ की.मी., लामोसाँघुको साथै बाह्रबिसे सडक, त्रिभूवन राजपथ तथा पृथ्वीराजमार्गको पून:निर्माण तथा वेलिवृज जडान गरेको थियो ।

कटारी ओखलढुङ्गा सडक (८८ की.मी.), हिले-लेगुवाघाट सडक (२७ की.मी.), सल्यान मुसिकोट सडक (८६ की.मी.) सुर्खेत-जुम्ला सडक (२३२ की.मी.मध्ये ८९ की.मी.), गोर्खा जिल्लामा सञ्चालित विभिन्न सडकहरु (१३७ की.मी.), छिन्चु-जाजरकोट सडक (४५ की.मी.), देवस्थल-कैनकाँडा-चौरजहारी (४१ की.मी.), बाग्लुङ्ग-बेनी-जोमसोम सडक (८१ की.मी.) तथा मध्य पहाडी लोकमार्गमा पर्ने मुसिकोट-बुर्तिबाङ्ग सडकखण्डको मुसिकोट-रुकुमकोट सडक (३१ की.मी.) निर्माण गर्नुकासाथै गत मङ्सिर महिनामा बेशीशहर-चामे सडक (६५ की.मी.) र यही पुस महिनामा नाग्मा-गमगढी (९४ की.मी.) सडकहरु निर्माण सम्पन्न गरी नेपाली सेनाले सडक विभागलाई हस्तान्तरणसमेत गरिसकेको छ । यसैगरी काठमाण्डौलाई तराईसँग जोड्ने द्रुतमार्ग ७६ की.मी. र जाजरकोट-डोल्पा-दुनै सडक १६५ की.मी. निर्माणाधीन रहेका छन् ।

## प्रधान सेनापतिद्वारा अभिनन्दन

नेपाली सेनामा अतिरथी रहनु भएका श्री नीर शम्शेर ज.ब.रा. यही पुस ११ गते सय वर्षमा पदार्पण हुनु भएको छ । यस सुखद घडीमा नेपाली सेनाले एक समारोहको आयोजना गरी उहाँलाई अभिनन्दन गरेको छ ।



अतिरथी श्री नीरशमशेर ज.व.रा.लाई नेपाली सेनाका सकलदर्जाको तर्फबाट अभिनन्दन-पत्र अर्पण गर्नुहुँदै प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा. ।

नेपाली सेनाको विभिन्न पद र नियुक्तिमा रही उहाँले जीवनभर पुऱ्याउनु भएको योगदानको कदर गर्दै अतिरथी श्री ज.ब.रा.लाई नेपाली सेनाका सकलदर्जाको तर्फबाट प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.ले अभिनन्दन-पत्र अर्पण गरी सम्मानित गर्नु भएको हो ।

वि.सं. १९७० साल पुस ११ गते जन्मनु भएका अतिरथी श्री ज.ब.रा.श्री ३ महाराज जुद्ध शमशेर ज.ब.रा.र महारानी कृष्ण कुमारी राणाका सुपुत्र हुनुहुन्छ । १८ वर्षको उमेरमा उहाँले १९८८ साल साउन १ गते सेनानी दर्जाबाट सैनिक सेवा प्रवेश गर्नु भएको थियो । उहाँ वि.सं. २०१७ साल बैशाख १५ गतेबाट नेपाली सेनाको प्रधान सेनापतिमा नियुक्त हुनुभइ २०२२ साल बैशाख १५ गतेबाट प्रधान सेनापतिको पदबाट अवकाश पाउनु भएको थियो । अवकाश पाएको वर्ष वि.सं. २०२२ सालकै जेठ ९ गतेबाट उहाँ नेपाली सेनाको अतिरथी (फिल्ड मार्शल) मा नियुक्त हुनु भएको हो । नेपाल लगायत अन्य मूलकमा पनि अतिरथी(फिल्ड मार्शल) पद आवश्यक पर्दा सैनिक सल्लाह, सुझाव तथा मार्ग निर्देशन गर्नसक्ने त्यस्तो सैनिक व्यक्तित्वलाई आजीवन दिइने परम्परा रहेको छ ।



अभिनन्दनपछि अतिरथी श्री नीरशमशेर ज.व.रा.सँग सामूहिक तस्बिरमा प्रधानसेनापति, रथीवृन्द तथा अधिकृतहरु ।

उहाँले आजीवन सेनामा रहेर राष्ट्रको सुरक्षा र सेवामा समर्पित हुने अपूर्व सौभाग्य पाउनु भएको छ । उहाँ राणा शासनकाल, शाही शासनकालको अनुभवसहित लोकतन्त्रात्मक गणतन्त्रको उषाकालको साक्षी हुने निकै कम भाग्यमानीमध्ये एक हुनुहुन्छ । एउटा व्यक्तिको जीवनमा एक सय वर्ष जति दुर्लभ हुन्छ, राष्ट्रको जीवनमा पनि सय वर्षको अवधि अत्यन्त महत्वपूर्ण हुन्छ । यस परिप्रेक्ष्यमा उहाँले देख्नु एवं भोग्नु भएको र साक्षी हुनुभएको मुलुकको राजनैतिक, सामाजिक, सामरिक, आर्थिक तथा सांस्कृतिक उन्नति अवनतिहरुको उहाँ स्वयं जीउँदो इतिहास हुनुहुन्छ ।



दोस्रो विश्व युद्धको क्रममा काकुलमा ।

'देशभन्दा ठूलो अरु कोही हुन्न, शान्तिभन्दा ठूलो सुख अर्को छैन, त्यागभन्दा राम्रो कुरा अरु छैन' भन्ने आदर्शलाई आत्मसात् गर्नुहुने अतिरथी श्री नीर शमशेर ज.ब.रा.को प्रारम्भिक शिक्षा घरबाट शुरु भएपनि औपचारिकरुपमा कोलकत्ताको शान्ति निकेतन, बनारसको हिन्दू स्कूल हुँदै काठमाण्डौंको दरबार स्कूलमा भएको थियो ।

सूर्यदल गुल्मबाट सैनिक सेवा शुरु गर्नुभएका अतिरथी श्री नीर शमशेर ज.ब.रा.ले दोस्रो विश्वयुद्धमा कालीबहादुर गणको नेतृत्व गर्नु भएको थियो । उहाँले वि.सं. २००३ देखि २००४ सालसम्म सर्वोच्च न्यायालयको न्यायाधीशको जिम्मेवारीसमेत सम्हाल्नु भएको थियोभने वि.सं. २००५ देखि २००६ सालसम्म मधेश पहाड रिपोर्ट निक्सारीको मुख्य अधिकृत भएर कार्य गर्नु भएको थियो । त्यसैगरी उहाँले वि.सं. २०२२ सालदेखि २०४७ सालसम्म विभूषण समितिको अध्यक्ष रही कार्य गर्नु भएको थियो । **बाँकी पेज २ मा**

प्रधान सम्पादक : प्रा.प्र.से ईश्वर कुमार श्रेष्ठ
सम्पादक: प्रा.सेनानी केशव बर्तौला
प्रकाशक : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, प्रचार-प्रसार शाखा, जङ्गी अड्डा,
फोन : ०१-४२४१७३१, E-mail:- sipahipatrika@gmail.com
१५ पुस २०६९/ 30th Dec 2012

## शाश्वत वाणी

-शक्तिको अधिकतम प्रयोग कहिल्यै गर्नु हुँदैन । -सेनिका

-हाम्रो जीवन संयममय भयो भने हामी सबै कुरा प्राप्त गर्न सक्छौं ।
-महात्मा गान्धी

सम्पादकीय.....

# सडक निर्माणमा सेनाको योगदान

देश बाहिरको खतराबाट जोगाई आफ्नो देशको रक्षा गर्दै आफ्नो भूगोललाई टुक्रिन, खोसिन वा अन्य मुलुकमा गाभिन नदिनु नेपाली सेनाको पहिलो कर्तव्य हो । त्यसपछि आन्तरिक द्वन्द्व, हात-हतियारसहितको विभिन्न उद्देश्यले देखा पर्ने संघर्ष आदिबाट देशबासीको संरक्षण गर्दै राष्ट्रको धन तथा सम्पदाको सुरक्षा गरी आन्तरिक सुव्यवस्था बनाइ राख्न वैधानिक सरकारको नीति निर्देशनअनुसार सहयोग पुऱ्याउनु वा त्यस्ता कारवाहीमा संलग्न हुनु नेपाली सेनाको अर्को दायित्व हो । त्यसका अतिरिक्त देशको सुरक्षा सशक्त शक्ति मात्र हैन, राष्ट्रको मेरुदण्ड नै सेना भएकोले मानव सिर्जित तथा प्राकृतिक प्रकोपमा अगुवा संगठनको रुपमा कार्य गर्नु सेनाको अर्को परम कर्तव्य बन्दछ । उल्लेखित कर्तव्यहरुका अतिरिक्त नेपाली सेनाले प्राकृतिक सम्पदाको संरक्षणअर्न्तगत राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तुहरु, जैविक विविधता र वातावरण संरक्षणमा लामो समयदेखि गरेको योगदान राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत चर्चित रहेको छ । यससँगै अन्तराष्ट्रिय शान्ति सुरक्षा कायम गर्न संयुक्त राष्ट्र संघीय शान्ति सेनाको हैसियतले निर्वाह गरेको भूमिकाले अन्तराष्ट्रिय जगतमा नेपाल र नेपालीको छुट्टै इतिहास नै बनाएको छ । यस क्षेत्रमा प्रदर्शन गरेको कार्य दक्षताले अन्तराष्ट्रिय चर्चा र प्रसिद्धि फैलाउन नेपाली सेना सक्षम भइरहेको छ ।

राष्ट्रको सीमा कोर्ने जगमा र भौगोलिक अखण्डता अक्षुण्ण राख्ने कार्यमा जसरी नेपाली सेनाको रगत सिञ्चित छ, त्यसैगरि राष्ट्रिय विकासको मेरुदण्डको रुपमा रहेको सडक निर्माण कार्यमा नेपाली सेनाको योगदानले अर्को विशिष्ट इतिहास निर्माण गर्दै राष्ट्रिय सेना हुनुको महत्व र चरित्र उजागर गरेको छ । आफ्नो स्थापना कालदेखि नै घोरेटो तथा गोरेटो र सार्वजनिक निर्माणमा राष्ट्र र राष्ट्रियबासीलाई सघाउँदै आएको यस गौरवशाली संस्थाले विभिन्न सडकहरुको पूनः निर्माण, जिर्णोद्धार, बेलीवृज जडानलसमेत गर्ने गरेको छ । वि.सं. २०१३ सालबाट शुरु गरेको यस यात्राले आजसम्म आइपुग्दा विभिन्न जिल्ला सदरमुकाम जोड्ने सडक निर्माण गरि यही पुस १५ सम्ममा ९२९ की.मी. सडक सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिसकेको छ । यसरी सडक निर्माणको अनुभव बटुल्दै कार्यदक्षता र सीप प्रदर्शन गर्दै स्रोत र साधनसहित राष्ट्रिय सोच र सपना साकार पार्ने जनशक्ति भएको संगठनको रुपमा नेपाली सेना विकसित भएको भन्दा अतिशयोक्ति नहोला ।

नेपाली सेनाले सडक निर्माण गर्ने क्रममा यस्ता केही विशेषताहरुको प्रदर्शन गरेको छ, जसले जनतासँग सेनाको सम्बन्धलाई सुमधुर गर्नुका साथै सामाजिक, धार्मिक र आर्थिक पक्षलाई प्रत्यक्ष लाभ पुग्ने गरी सडक निर्माण इलाकामा परेका विविध क्षेत्रमा सहयोग पुऱ्याएको छ । सुधारिएको चुलो निर्माणदेखि लिएर मन्दिर, पुल, पुलेसा, घोरेटो-गोरेटो बाटो निर्माणजस्ता कार्यहरु यस्ता केही उदाहरणहरु हुन् । यसका अतिरिक्त स्वास्थ्य क्षेत्रमा गर्दै आएको सहयोगले स्थानीयबासीहरु प्रत्यक्ष र तत्काल लाभान्वित भएका छन् । बाटो निर्माणसँगै हुर्केको अर्को अवधारणा भनेको पब्लिक-प्राइभेट-पार्टिसिपेशन (पीपीपी) पनि रहेकोछ । यसैगरी राष्ट्र हितको लागि जन्मेका र राष्ट्रिय स्वार्थ भएको संस्था भएकोले विकट भौगोलिक वस्तुस्थितिमा पनि बाटो निर्माण गर्न सक्ने, जोखिम उठाउन तयार, नाफा-नोक्सानको हिसाब नराख्ने, हिउँद-वर्षा र प्रतिकूल मौसम नभन्नेजस्ता नेपाली सेनाको विशेषताहरु हुन् । यीनै विशेषताले गर्दा राज्य र जनताको विश्वास नेपाली सेनाले आर्जन गर्न सकेको छ । यो विश्वासलाई भावी दिनहरुमा अझ प्रखर बनाउन नेपाली सेनाले अझ हरसम्भव प्रयास गर्नेछ भन्ने **सिपाही पाक्षिक**को विश्वास रहेको छ ।

# रुघाखोकी

तपाईंको स्वास्थ्य

रुघाखोकी एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दै जाने एक किसिमको संक्रामक रोग हो । यो रोग लाग्दा राम्ररी आराम गरेको खण्डमा रुघाखोकी आफैं सञ्चो हुन्छ, तर उचित आराम नगरी वेवास्ता गरेमा यसबाट लहरेखोकी, निमोनिया, पिनासजस्तो डरलाग्दो रोगहरु लाग्न पनि सक्छन् ।

रुघाखोकी जुनसुकै उमेरका व्यक्तिलाई लाग्न सक्छ । तर वच्चाहरुमा यो रोग लाग्दा रोगसँग लड्न सक्ने रोगप्रतिरोधात्मक क्षमता कम हुने भएकोले ९ वर्ष मुनिका वाल-वालिकालाई यस रोगले चाँडै नै असर पार्दछ ।

## रुघा लाग्दा देखिने लक्षणहरु :

- अन्य लक्षण देखापर्नुभन्दा अगाडि नाक सुख्खा हुनु
- स्वर अलिअलि धोत्रो भई घाँटी खसखसाउनु
- अलि अलि खोकी लाग्नु
- नाकको जाली सुनिनु
- नाकबाट शुरुमा पानीजस्तो सिंगान आउने र पछि बाक्लो सिंगान बग्नु
- शुरुमा कहिले कहिं हाच्छ्यूँ आउनु
- नाक बन्द भई स्वास लिन गाह्रो हुनु
- कहिले काँही ज्वरो आउनु, टाउको एवम् शरीरका जोर्नीहरु दुख्नु

## रोकथामका उपायः

- रुघाखोकी लागेको व्यक्तिले एक दुई दिन आराम गरी अरु व्यक्तिबाट अलि टाढा हुनुपर्छ ।
- खोक्दा र हाच्छ्यूँ गर्दा रुमालले मुख छोप्ने र जथाभावी सिंगान फाल्ने र थुक्ने गर्नुहुन्न
- प्रयोग गरेका रुमालहरुलाई तातोपानीमा राम्ररी धुने र घाममा सुकाउने गर्नुपर्छ ।
- मौसम अनुसारको लुगा लगाउनु पर्छ ।
- ताजा र सन्तुलित भोजन खानु पर्छ ।
- प्रशस्त मात्रामा भिटामिन 'सि' युक्त खानेकुरा खानुपर्छ ।
- रोगीले प्रशस्त मात्रामा पानी पिउनु पर्छ ।
- स्वच्छ हावामा बस्नु पर्छ ।

# अतिरथी श्री नीर शमशेर ..........

उहाँ बहुमुखी प्रतिभाका धनी हुनुहुन्छ । म.वी.वी शाहलाई प्रेरणाका स्रोत मान्नु हुने अतिरथी श्री ज.ब.रा. साहित्य क्षेत्रमा गीत, कविता, खासगरी आधुनिक गीत, भजन लेख्न विशेष रुची राख्नुहुन्छ । धेरै पहिलेदेखि अतिरथी श्री ज.ब.रा.का गीतहरु रेडियो नेपालबाट प्रसारण हुँदै आइरहेका छन् । नुहिन दिदैनौं हे माता पूर्खाको इज्जतको यो नासो नामक सैनिक प्रण भने नेपाली सेनामा अत्यन्त प्रसिद्ध रहेको छ ।

सैन्य जीवनलाई आफ्नो नशा-नशामा बग्ने रक्तनली झैं अनुभव गर्ने अतिरथी श्री नीरशम्शेर ज.ब.रा.आफ्नो जन्म नै राष्ट्रको सुरक्षा गर्न र राष्ट्र सेवामा समर्पित हुन भावीले लेखेरै दिएको अनुभूत गर्नु हुन्छ । आफ्नो धर्म र आफ्नो कर्म भनेकै सैनिक जीवन हो भन्ने ठान्नु हुने श्री ज.ब.रा.ले आफ्नो एक शताब्दीको जीवन कालमा अत्यन्त इमानदारसाथ लागेकाले पानीबिना माछाको कुनै अस्तित्व नरहे झैं सेनासँगको संलग्नतामा नै आफ्नो जीवनको अस्तित्व रहेको ठान्नु हुन्छ । यिनै निष्ठाकासाथ अतिरथी श्री नीरशम्शेर ज.ब.रा.ले सैनिक सेवामा रही प्रशंसनीय कार्य गर्नु भएको छ ।

उहाँले जीवनभर सेवा गर्नु भएको संस्थाप्रति उहाँको विशेष मोह छ । यही कारण अहोरात्र राष्ट्रको सेवामा समर्पित सैनिकको दुःखमा सहयोग पुऱ्याउने पावन मनसायले कोष स्थापना गर्नु भएको छ । यसैगरी सैनिक खेलाडीहरुको हौसला अभिवृद्धि गर्न पुरस्कारको व्यवस्था गरेर वीर सैनिकमा हुने गुणको परिचय दिनु भएको छ । नेपालका कुनैपनि भू-भागमा नेपाली सेनाका पेन्सनवाला पदिक तथा त्यसभन्दा मुनिका व्यक्ति र तीनको घरजग्गा नोक्सान भएमा राहत प्रदान गर्न '**अतिरथी नीर दैवी प्रकोप उद्धार अक्षय कोष**'को स्थापना गर्नु भएको छ । वि.सं. २०६३ सालबाट लागु गरिएको यस कोषमा हाल ४ करोड ७० लाख ३८ हजार भन्दा बढि रुपैयाँ सञ्चित रहेको छभने यस कोषबाट हालसम्म ५८ जनालाई ८ लाख १७ हजार २ सय रुपैंयाँ वितरण भइसकेको यसको व्यवस्थापन गर्ने सैनिक कल्याणकारी कोषले जनाएको छ ।

यसैगरी उहाँले खेलकुद क्षेत्रमा महत्वपूर्ण योगदान दिई देशको कीर्ति फैलाउने सैनिक खेलाडीहरुको हौसला अभिवृद्धि गर्न '**नीर शमशेर पुरस्कार कोष**' स्थापना गर्नु भएको छ । वि.सं. २०४९साल बैशाख १८ गते स्थापित यस कोषमा हाल ५ लाख ५० हजार रुपैंयाँ मुद्दति खातामा सञ्चित रहेको छ, प्राप्त व्याजबाट वर्षेनी म्याराथन दौडमा प्रथम हुने धावकलाई २२ हजार र पहिला खड्रेसमा प्रथम हुने धावकलाई दिइँदै आएको ६ हजार रुपैयाँ हाल १० की.मी दौडमा प्रथम हुने धावकलाई प्रदान गरिंदै आएको छ । यस कोषको व्यवस्थापन प्रधानसेनापतिको सैनिक सहायक अड्डाले गर्दै आएको छ । विगत द्वन्द्वको समयमा भने खेलकुद प्रतियोगिता सञ्चालन नभएकोले उक्त रकम वितरण गरिएन ।

सैनिक सेवामा रहेर उत्कृष्ट कार्य गरेवापत उहाँ महागौरवमय तेजस्वी त्रिभूवन प्रजातन्त्रश्रीपद प्रथम, महाउज्ज्वल कीर्तिमय नेपालश्रीपद प्रथम, सुप्रदीप्त मान्यवर नेपाल तारा प्रथम, ॐराम पट्ट, ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट र सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु प्रथम आदिसहित २८ वटा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभूषण, अलङ्कार र पदकबाट सम्मानित हुनुहुन्छ ।

उहाँले सरकारी तथा नीजि कामको सिलसिलामा भारत, चीन, बर्मा, हङ्कङ्ग, सिङ्गापुर, थाईल्याण्ड, क्याम्वोडिया, जापान, मलेसिया, बेलायत, फ्रान्स, जर्मनी, अमेरिका आदि मुलुकको भ्रमण गर्नु भएको छ । सम्वत् १९९२ साल बैशाख ४ गते खिल कुमारी शाहसँग विवाह बन्धनमा बाँधिनु भएका श्री ज.ब.रा.का खिल कुमारीबाट दुई सन्तान (एक छोरा एक छोरी) को जन्म भयो । खिल कुमारीको निधन पश्चात् दोस्रो विवाह भारतस्थित काश्मिरका बजिर फिरोद चन्दकी छोरी विमला कुमारी चन्दसँग भएको थियो, उहाँको पनि निधन भइसकेको छ । विमला कुमारीबाट एक सन्तान (छोरा)को जन्म भएको छ ।

## सैनिक इतिहास

साभारः नेपाल सैनिक इतिहास भाग-१

**अघिल्लो अङ्कबाट क्रमशः**

नुवाकोटको प्रथम आक्रमणमा गोरखाली फौजले असफल भई फर्कदा त्रिशूलीको साँघु ध्वस्त पारेको थियो । नेपाल-चीन युद्धको क्रममा वेत्रावतीको पुल नेपाली फौजले भत्काउँदा चिनियाँहरुको धेरै नोक्सान भएको थियो ।

गोरखाली सेनाले शत्रुपक्षलाई हर्काउन विविध प्रविधि अवलम्बन गरेको देखिन्छ । गोरखाली फौजले जयप्रकाश मल्लको सहयोगका लागि इष्ट इण्डिया कंपनीले खटाएको कप्तान किनलकको सेनालाई ध्वस्त पार्न अँगालेको एक रोचक प्रविधि यस सन्दर्भमा उल्लेख गर्नु प्रासंगिक हुनेछ । सिन्धुलीगढीबाटः अंग्रेजको फौज उकालो लागेपछि ढुंग्रेबासबाट सरदार वंशु गुरुङले ढाड हान्ने र यस मार्गबाट आउने शत्रुलाई रोक्नका निमित्त मकवानपुरका राजाले लगाइराखेको सिस्नोको घारी र बच्छिउँको गोला (जसलाई गोरखालीले पनि संरक्षण गरेका थिए), लाई पनि प्रयोग गर्न चाँजो मिलाएका थिए । पौवा गढीबाट अंग्रेजको फौज अगाडि बढेपछि वंशु गुरुङले बच्छिउँको गोला फोरिदिए । सिस्नको चोट र बच्छिउँको चिलाइबाट किनलकको फौज हताहत भई बढ्न सकेन । १७९१ ई. को नेपाल-चीन युद्धमा नेपाली सेनाले चिनियाँ फौजलाई हर्काउन र उनीहरुको नूर गिराउन एक अनौठो चाल चालेको पाइन्छ । वेत्रावती किनारमा रहेको नेपाली फौजले रातको समयमा एकपटक त्यस क्षेत्रमा भएका गाई, बाख्रा भेडाको सिंङमा झुम्रो बाँधी आगो लगाइदिँदा आगोले आत्तिएर जनावरहरु छटपटिएर दगुर्दा चितियाँ फौजले राँको बालेर गोरखाली फौज आक्रमण गर्न आएको भनेर तर्सियो । यो चालबाट गोरखाली फौजलाई खास उपलब्धि त भएन, तर चिनियाँ फौजमा खैलाबैला भयो ।

नेपाली फौजले युद्धमा प्रयोग गर्ने प्रविधिमा सर्वाधिक महत्त्व गुरिल्ला युद्ध नीतिको छ । यसमा थोरै मानिसले लड्न सक्ने, दुश्मले चालै नपाउने गरी धावा बोल्ने, राति आक्रमण गर्ने, शत्रुपक्षको ध्यान एकैतिर केन्द्रित नगराउने गरी युद्ध गर्ने गरिन्छ । यस नीतिका विषयमा एक भनाइ :

गोरिल्ला भन्ने शब्द स्पेनिस भाषाबाट आएको हो र यसको नाम "सानो लडाइँ" हो । ई. १८०८ मा नेपोलियन र स्पेनबीच भएको लडाइँमा यो गोरिल्ला भन्ने शब्दको पहिलो पटक प्रयोगमा आएको हो । गोरिल्ला लडाइँ इतिहास जत्तिकै पुरानो छ । यस्तो लडाइँ लडी पराजित गरे भन्ने इतिहास बताउँछ । यसको प्रयोग नेपालमा पनि भएको देखिन्छ र जुनवेला वडामहाराज पृथ्वीनारायण शाह नेपाल एकीकरणको सिलसिलामा काठमाडौं उपत्यकको नाकावन्दी गर्न राती-राती आफ्नो फौज तैनाथ गरी गोरिल्ला लडाइँको दाउपेच प्रयोग गरेको.....तितर-बित्तरबाट नै यस युद्धमा बच्न र सफलता प्राप्त गर्न सकिन्छ । यस युद्धमा धेरै छरिएर बसी अचानक एकत्रित भई आक्रमण गरी पुनः तितर-बितर हुने गरिन्छ ।

गोरिल्ला लडाइँ कमजोर मुलुकको लडाइँ गर्ने नीति हो । यस रणनीतिबाट नेपालले एकीकरणको कार्यमा ठूलो सफलता हाँसिल गरेको थियो । गुरगिन खाँसँग र कप्तान किनलकसँगको युद्धमा गोरखालीहरुले यसै नीतिबाट सफलता पाउन सकेका थिए ।

पृथ्वीनारायण शाहले अन्यत्रका हमलाहरु पनि यो प्रविधिअनुसार लडेका थिए । शत्रुलाई विकट बेला र स्थानबाट बाहिर आउन बाध्यता गराई (कीर्तिपुरमा जस्तो) आफूलाई अनुकूल परेको बेला र स्थानमा रात, साँझ, झरी, बादलको समय पारी आक्रमण गरी शत्रुलाई फसाउने गोरखालीको रणनीति थियो । नेपाल-अंग्रेज युद्धमा यस प्रविधिको अधिकतम प्रयोग नेपालीले गर्न सकेनन् (यो जुक्तिको परित्याग गर्नु पनि नेपालीहरुले पराजित हुनुपर्ने धेरै कारणमध्ये एक हुन गयो ।

गोरखालीले लक्ष्य गरेको स्थानमा विजय गरेरै छाड्ने गर्दथे-यसका लागि गोरखाली फौजले हरेस खाएनन् । कीर्तिपुरमा तीनपटक आक्रमण गरेर पनि फत्ये गरे-यी युद्धहरुमा गोरखालीले धेरै मूल्य पनि चुकाउनुपऱ्यो । गोरखाली सेना जुका जस्तै टाँसिएर बस्दथे, कतिवर्षसम्म नालदुम र सिद्धानचोकमा गोरखालीले लिएको अड्डीबाट, यो कुरा प्रस्ट हुन्छ । गोरखालीहरुले किल्ला गढीबाट आक्रमण गर्ने नीति निकै उपयोगी ठहरियो । किल्ला गढीमा सुरक्षित भई बस्ने र मौका पर्नासाथ शत्रुमाथि जाइलाग्ने र आपत् परेको बेलामा किल्लाभित्र लुक्ने, नेपाली सेनाका चाल थिए । त्यसैले किल्ला, गढी बनाउने कार्यमा पृथ्वीनारायण शाहदेखि नेपाल-अंग्रेज युद्धसम्म नै विशेष ध्यान दिइएको थियो । शत्रुलाई लडेर भन्दा नाकाबाट थकाएर डराउने जुक्ति नेपाली सेनाको थियो ।

युद्धको समयमा सञ्चारको समुचित व्यवस्था गर्नु पनि आवश्यक ठानिन्छ । सञ्चार माध्यमलाई प्रभावकारी बनाउन पृथ्वीनारायण शाहले जासूसहरु अधिक मात्रामा नियुक्त गरेका थिए । युद्धको क्रममा घटेका घटनाहरुको खबर तुरुन्त पृथ्वीनारायण शाहले पाउने गर्दथे । प्रतापसिंहलाई कैद गर्ने जयप्रकाश मल्लको योजना सफल नबन्नमा पनि गोरखालीको सञ्चार नीतिमा भएको प्रभावकारिताको कारण हो । तर पछि नेपाल बिस्तार हुँदै जाँदा युद्धका नाकाहरुको यथार्थ खबर सबैतिर पुग्न नसकेको देखिन्छ । नेपाल-अंग्रेज युद्धमा एक नाकाका अधिकारीले अर्को नाकाको खवर पाउन सकेनन् (सम्पर्क गर्ने यन्त्र प्रभावकारी हुन सकेन । आपत् परेको ठाउँमा तुरुन्त थप फौज पठाउने कार्यमा व्यवधान आयो । यसको कारणबाट पनि नेपालको पराजय हुन गयो ।

नेपालको एकीकरणमा लिएको रणनीतिहरुमा सर्वाधिक महत्त्व आर्थिक नाकाबन्दीको नीति पनि एक थियो । पृथ्वीनारायण शाहले उपत्यका विजय गर्न लिएको सबैभन्दा ठूलो अस्त्रनै आर्थिक नाकाबन्दीको नीति थियो । उनले उपत्यकालाई सैन्य शक्तिले हराउन नसक्ने स्थिति बुझी नाकाबन्दीको नीति लिए । उपत्यकाका चारैतिरका नाकाहरु विजय गरी उनले उपत्यकाको बाहिरी राज्यहरुको सम्पर्क तोडिदिए । क्रमशः अर्को अङ्कमा

## शैक्षिक भ्रमण

रुपन्देहीस्थित एकीकृत सैनिक तालिम केन्द्रमा सञ्चालित सि.सं.८१ फष्टक्लास तालिमका शिक्षार्थीहरुले गत मङ्सिर २७ गते शैक्षिक भ्रमण गरेका छन् । सो शैक्षिक भ्रमणको क्रममा काठमाण्डौ किर्तिपुरस्थित केन्द्रीय बागवानी केन्द्र, खुमलटारस्थित तरकारी बीउ उत्पादन निर्देशनालय, तरकारी बीउ उत्पादन केन्द्र, तरकारी बीउ उत्पादन अनुसन्धान महाशाखा एवं गोदावरीको प्रत्यक्ष अवलोकन गर्नुको साथै फलफूल तथा तरकारी खेती, कृषि औजार र गड्यौला मल उत्पादन बारे समेत जानकारी गराइएको थियो । यसका साथै सो शैक्षिक भ्रमणमा दौरानमा भ्रमण गरिएका उक्त केन्द्र तथा महाशाखाका अधिकृतहरुले तरकारी एवं फलफूल खेतीको व्यवसायिक महत्त्वबारे प्रकाश पारेका थिए । उक्त भ्रमणबाट शिक्षार्थीहरुले सेवा निवृत्त पश्चात् व्यावसायिक रुपमा तरकारी तथा फलफुल खेती गर्नेतर्फ प्रेरणा मिलेको प्रतिक्रिया व्यक्त गरेका थिए । उक्त शैक्षिक भ्रमणमा शिक्षाधिकृत प्रमुख सेनानी श्री यामबहादुर सापकोटा सहित २४८ जना शिक्षार्थीहरु सहभागी रहेका थिए ।



## नेपाली सेनाद्वारा निर्माण गरिएको......

उक्त उद्घाटन कार्यक्रममा माननीय अर्थमन्त्री श्री वर्षमान पुन, माननीय भौतिक योजना निर्माण तथा यातायात व्यवस्था मन्त्री श्री हृदयेश त्रिपाठी, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री दिपेन्द्र बहादुर क्षेत्री, प्रधानसेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा. लगायत महालेखा परीक्षकको कार्यालयका का.मु. महालेखा परीक्षक श्री विमला सुवेदी, उप महालेखा परीक्षक श्री सुकदेव भट्टराई, भौतिक योजना निर्माण तथा यातायात व्यवस्था मन्त्रालय तथा अर्थमन्त्रालयका सचिवहरु र रक्षा मन्त्रालयका सह सचिवहरुको उपस्थिति रहेको थियो ।

उक्त अवसरमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रका क्षेत्रीय प्रशासक र स्थानीय जनसमुदायको समेत उपस्थिति रहेको थियो । साथै उक्त सार्वजनिक यातायात शुभारम्भ कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीकी पत्नी श्रीमती हिसिला यमी तथा नेपाली सेनाको विकास निर्माण तथा स्थपति महानिर्देशक र व्यवस्था तथा युद्धकार्य महानिर्देशकको समेत उपस्थिति रहेको थियो ।

### सडक निर्माणसँगै त्यस क्षेत्रमा नेपाली सेनाले गरेका सामाजिक कार्यहरू

- कालिकाखेतुको बाजागाड इलाकामा करिब रु १ लाखको लागतमा १ की. मी. सिञ्चाई कुलो मर्मत गरिएको ।
- बड्की गा.वि.स मा विभिन्न ठाउँ गरी करिब रु ४ लाखको लागतमा २.५ की.मी. सिञ्चाई कुलो मर्मत गरिएको ।
- बड्की गा.वि.स.मा पर्ने श्री कालिका मा.वि.को हाता छेकबार गर्न तार उपलब्ध गराइएको ।
- बड्की गा.वि.स.कै आचार्य लिही गाउँ र विराट गा.वि.स.को लार्ज गाउँलाई १७० मीटर ८ इन्च पिभिसी पाईप उपलब्ध गराइएको।
- धावाको घोडेङ्ग र प्याकुरेलबाडा इलाकामा करिव रु १.५ लाखको लागतमा सिञ्चाई कुलो मर्मत गरिएको।
- कनकासुन्दरी गा.वि.स.को हाटसिंजा इलाकामा करिब रु. ५ लाखको लागतमा सिञ्चाई कुलो मर्मत गरिएको ।
- कनकासुन्दरी गा.वि.स. हाटसिंजाका गाउँलेहरुको अनुरोधमा करिब १७०० मी. लामो सहायक बाटो राजमार्गबाट जोडिने गरी निर्माण गरिएको ।
- मालिका बोता गा.वि.स.को जिअगाउँमा करिब रु. २ लाखको लागतमा दुई की.मी. लामो खानेपानीको पाईप प्रदान गरिएको तथा करिब ४०० मीटरको राजमार्गसँग जोड्ने सडक निर्माण गरिएको ।

## नेपाली सेनाद्वारा विभिन्न पदहरूमा भर्नाका लागि दरखास्त आह्वान

नेपाली सेनामा रिक्त रहेको विभिन्न दर्जामा पदपूर्तिको लागि यही पुस २ गतेदेखि आउँदो माघ २ गतेसम्म दरखास्त आह्वान गरिएको छ । नेपाली सेनाको स्वीकृत दरबन्दीभित्र रिक्त विभिन्न पदमा शान्ति सम्झौताको बखत कायम रहेको संख्यामा नबढ्ने गरी खुल्ला समावेशी प्रतिस्पर्धाबाट भर्ना आह्वान गरिएको हो ।

भर्नाका लागि दरखास्त आह्वान गरिएका पदहरुमा प्रा.सु. सैनिक उपचारिका, सहायक पण्डित हुद्दा, प्रा.अम इलेक्ट्रिकल, प्रा.अम.जनरल मेकानिकल, प्रा.अम फोटोग्राफर, प्रा.अम ब्ल्याक स्मीथ, प्रा.अम. कार्पेन्टर र अमल्दार कर्मचारी पद रहेका छन् । भर्ना आह्वान गरिएको सबै पद समावेशी तथा खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गरिनेछ । जसअन्तर्गत समावेशीतर्फ महिला, आदिवासी/जनजाती, मधेशी, दलित र पिछडिएको क्षेत्र गरी बर्गीकरण गरिएको छ ।

अमल्दार कर्मचारीको लागि श्री मध्य पृतना हे.क्वा. सुपारेटार र श्री नं ४ वाहिनी अड्डा नेपालगञ्जमा दरखास्त दिनुपर्ने छ भने बाँकी सबैपदको लागि जङ्गी अड्डास्थित खेल मैदानको पश्चिमपट्टि दरखास्त बुझाउन सकिनेछ । दरखास्त दिन इच्छुक सवैपदका उम्मेदवारहरु तोकिएको योग्यता पुगेको र नेपाली नागरिक हुनुपर्ने छ । सबै पदका उम्मेदवारहरु कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र कुनै पनि राजनैतिक संगठनको सदस्य नरहेको हुनुपर्नेछ ।

**दरखास्त दिने म्याद** : यही पुस २ गतेदेखि आउँदो माघ २ गतेसम्म इच्छुक उम्मेदवारले साधारण दस्तुर तिरेर दरखास्त दिन सक्नेछन् भने दरखास्त दिने अन्तिम म्यादबाट ७ दिनभित्र अर्थात माघ ३ गतेबाट ९ गतेसम्म दरखास्त दिनेको हकमा दोव्बर दस्तुर लाग्नेछ । दरखास्त फाराम दरखास्त दर्ता गर्ने स्थानहरुमै लिनु पर्ने व्यवस्था मिलाईएको छ ।

**उमेरको हद** : प्राविधिक सुवेदार सैनिक उपचारिकाको हकमा आउँदो माघ २ गते १८ वर्ष पूरा भइ ३० वर्ष ननाघेको हुनुपर्नेछ । अन्य ट्रेडको हकमा माघ २ गते १८ वर्ष पूरा भइ २५ वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्तकासाथ समावेश गर्नुपर्ने कागजातहरु** :नेपाली नागरिकताको प्रमाणपत्र, सम्पूर्ण शैक्षिक तहहरुका प्रमाण पत्रको लब्धाङ्क चारित्रिक, ओरिजिनल वा प्रोभिजनल प्रमाण-पत्र, नेपालको विश्व विद्यालय बाहेक अन्य बोर्ड तथा विश्व विद्यालयबाट उपाधि हाँसिल गर्नेहरुले त्रिभूवन विश्व विद्यालयबाट प्रकाशित समकक्षताको मान्यता प्राप्त पुस्तकबाट आफूले हासिल गरेको उपाधिको समकक्षताको फोटोकपी र माईग्रेसन प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ । साथै शैक्षिक योग्यता बाहेक आफूले प्राप्त गरको अन्य प्रमाण-पत्र र अतिरिक्त क्रियाकलाप एवं विविध विषय सम्बन्धी प्रमाण-पत्रहरु छन् भने सोको प्रमाणित प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

**नेपाली सेनाका बहालवाला उम्मेद्वारहरुको हकमा लागु हुने केही प्रावधानहरुः** बहालवाला सैनिकहरुले आवश्यक शैक्षिक योग्यता हाँसिल गरेको सैन्य आधार तालिम गरी युनिटपति वा सम्बन्धित पतिको अनिवार्य सिफारिश हुनुपर्नेछ । बहालवाला सैनिकलाई उमेरको हद नलाग्ने भएपनि कम्तिमा सेवाअवधि १ वर्ष हुनुपर्नेछ ।

विस्तृत जानकारीको लागि नेपाली सेनाको अफिसियल वेभसाइडमा हेर्नुहुन अथवा यही पुस २ गतेको गोरखापत्र दैनिक पढ्नु हुन अनुरोध गरिन्छ ।

## वीरगति प्राप्त सैनिकका छोरोछोरीले छात्रवृत्ति रकम दावी गर्ने सूचना

विगत द्वन्द्वको समयमा वीरगति प्राप्त गरेका सैनिकका कक्षा १ देखि स्नातकोत्तर तह (मास्टर डिग्री) सम्म अध्ययनरत छोराछोरीलाई प्रदान गरिने शैक्षिक छात्रवृत्ति रकम नेपाल सरकारबाट प्राप्त भएको कार्यरथी विभाग (वे.वृ.) ले जनाएको छ । सो छात्रवृत्ति रकमको लागि आवश्यक कागजादसहित निवेदन पेश गरिसकेका वीरगति प्राप्त सैनिकका छोराछोरीलाई यही पुसको पहिलो साताबाट छात्रवृत्ति रकम वितरण गर्न शुरु गरिएको छ । सो छात्रवृत्ति रकम पाउन सैनिक अभिलेखालयमा निवेदन दिनेहरुले कार्यरथी विभाग (वे.वृ.) जङ्गी अड्डाबाट र उपत्यकाबाहिरका युनिटहरुमा निवेदन दिनेहरुले आफूले निवेदन दिएको युनिटमा सम्पर्कगरि छात्रवृत्ति रकम लैजान कार्यरथी विभाग (वे.वृ.) ले अनुरोध गरेको छ ।

# रथीवृन्दहरुबाट निरीक्षण



## निरीक्षण भ्रमण

यही पुस १ गते बलाध्यक्ष रथी श्री नेत्र बहादुर थापाले काठमाण्डौ भण्डारखालस्थित नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानको निरीक्षण गर्नुभएको छ।

यसैगरि बलाध्यक्ष रथी श्री थापाले पर्सा वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री गुरुगोरख गुल्मको पनि यही पुस २ गते निरीक्षण भ्रमण गर्नुभएको छ। सो वन्यजन्तु आरक्षको निरीक्षण भ्रमणको दौरानमा उहाँले उक्त गुल्मको वस्तुस्थितिको बारेमा जानकारी लिनुका साथै सकलदर्जालाई सम्बोधन समेत गर्नुभएको थियो।

## फिल्ड एम्बुलेन्स गुल्महरु



गत मङ्सिर २७ गतेबाट २९ गतेसम्म सैनिक स्वास्थ्य महानिर्देशक प्राविधिक उपरथी डाक्टर श्री गम्भीरलाल राजभण्डारीले विभिन्न फिल्ड एम्बुलेन्स गुल्महरुको निरीक्षण गर्नुभएको छ।

यसक्रममा महानिर्देशक प्राविधिक उपरथी श्री राजभण्डारीले नं.६ फि.ए.गुल्म, नं.३ फि.ए.गुल्म, नं.२२ र २३ फि.ए.गुल्मको साथै पश्चिम पृतना जी.ओ.पी.डी. र एकीकृत सैनिक तालिम केन्द्रस्थित मेडिकल केन्द्रको निरीक्षण गर्नुभइ उक्त मेडिकल केन्द्रहरुको वस्तुस्थिति तथा समस्याहरुको बारेमा जानकारी लिनुभएको थियो। यसैगरि सो निरीक्षणको क्रममा उहाँले उक्त मेडिकल केन्द्रहरुको विरामी जाँच गर्ने ओ.पी.डी., डेण्टल ओ.पी.डी., प्याथोलोजी ल्याब, डिष्पेन्सरी र एक्सरे कक्षको निरीक्षण गर्नुभई सम्बन्धित युनिटहरुद्वारा प्रस्तुत स्ट्रेचर ड्रिल र मेडिभ्याक ड्रिलको अवलोकन गर्नुभएको थियो



## पूर्वी पृतना हे.क्वा.

नेपाली सेनामा निकट भविष्यमा सञ्चालन हुने सामूहिक तालिमलाई अझ सशक्त, व्यवहारिक



तथा उद्देश्यमूलक बनाउँदै लैजाने उद्देश्यले श्री सैनिक विनय महानिर्देशक उपरथी भिक्टर ज.ब.राणाले गत मङ्सिर २५ गते पूर्वी पृतना हे.क्वा.को निरीक्षण गरी सामूहिक तालिम र सोको अवधारणा सम्बन्धी निर्देशन दिनुभयो। सैनिक विनय महानिर्देशकको उक्त निरीक्षण कार्यक्रममा पृतना हे.क्वा.का पृतनापति उपरथी श्री रामकृष्ण अधिकारी लगायत नं. २, नं. १८ र नं. २१ वाहिनी अड्डाका वाहिनीपतिहरु तथा अन्तर्गत युनिट पतिहरुको समेत उपस्थिति रहेको थियो।



## बज्रदल गण

नवलपरासी जिल्लास्थित श्री बज्रदल गणको गत मङ्सिर ७ गते पश्चिम पृतनापति उपरथी श्री यज्ञ विक्रम राणाले निरीक्षण गर्नुभएको छ।

उक्त अवसरमा पश्चिम पृतनापति उपरथी श्री राणाले बज्रदल गण अन्तर्गतरहेको भेडाबारी, हात्तिखोर, डण्डा, झ्याल्टुङ्गडाँडा र जगाही सुरक्षा वेशको निरीक्षण गर्नुका साथै सकलदर्जाहरुलाई सम्बोधन समेत गर्नुभएको थियो।

## श्रीनाथ गण

सूदुर पश्चिम पृतनापति उपरथी श्री सुरेन्द्र बहादुर कार्कीले गत मङ्सिर २६ र २७ गते श्री श्रीनाथ गणअर्न्तगतबाट छुट्टिएर रहेका सुरक्षा गुल्म जोगबुढा, सुरक्षा गुल्म वुडर, सुरक्षा से.मु. अमरगढी पोष्ट तथा गण हे.क्वा. को निरीक्षण गर्नुभइ सकलदर्जालाई सम्बोधन गर्नुभयो।



# तालिम

# मानव अधिकार तालिम समापन




मानव अधिकार निर्देशनालय र UN Women को संयोजकत्वमा जङ्गी अड्डास्थित त्रिभूवन आर्मी अफिसर्स क्लवमा सञ्चालन भएको Gendar Equality and UNSCRs १३२५ र १८२० Training of Trainer (ToT) तालिमको गत मङ्सिर २९ गते कार्यरथी उपरथी श्री महेश विक्रम कार्कीले एक समारोहका बिच समापन गर्नुभइ शिक्षार्थीहरुलाई प्रमाण-पत्र समेत वितरण गर्नुभयो। गत मङ्सिर २४ गतेबाट सञ्चालन भएको उक्त तालिममा सि.सं १५ प्राविधिक अधिकृत आधार तालिमका २६ तथा अन्य अधिकृतहरु ४ जना समेत ३० जना शिक्षार्थी अधिकृतहरु सहभागी थिए। उक्त समापन कार्यक्रममा मानव अधिकार निर्देशनालयका सह-निर्देशक प्राड महासेनानी श्री राजेश्वर भट्टराई लगायत Un Women का प्रतिनिधिहरुको पनि उपस्थिति रहेको थियो।

# कन्टिन्जेन्ट कमाण्डर्स तालिम समापन

वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र पाँचखालमा सञ्चालन भएको यूनाइटेड नेसन्स पिसकिपिङ्ग अपरेशन कन्टिजेन्ट कमाण्डर्स कोर्सको गत मङ्सिर २८ गते सैनिक विनय महानिर्देशक उपरथी श्री



भिक्टर ज.ब.राणाले अन्तिम प्रवचन गर्नुभयो। सो क्रममा उहाँले शिक्षार्थी अधिकृतहरुलाई सम्बोधन गर्दै वर्तमान मिशनहरुमा विभिन्न क्षेत्र र पक्षहरुसँग सहकार्य गर्दै काम गर्दा निकै चुनौतीपूर्ण हुने भएकोले शिक्षार्थीहरुले अति जिम्मेवारीपूर्वक काम गर्न निर्देशन दिनु भएको थियो।

गत मङ्सिर १७ गतेसम्म सञ्चालन भएको उक्त तालिममा नेपाली शिक्षार्थी अधिकृत २० जना तथा विदेशी शिक्षार्थी बंगलादेशका २, कम्बोडियाका १, मलेशियाका २, फिलिपिन्सका २, श्रीलंकाका १ र थाइल्याण्डका १ जना गरी जम्मा २९ जना शिक्षार्थी अधिकृत सम्मिलित थिए। सो तालिममा नेदरल्याण्डबाट ५ जना, क्यानडाबाट १ जना, नर्वेबाट १ जना, भारतबाट १ जना र अमेरिकाबाट १ जना शिक्षकहरु खट्टिनु भएको थियो। सो तालिम नेपाली सेना र युनाइटेड स्टेट्स प्यासिफिक कमाण्डको सह-संयोजकत्वमा दि ग्लोबल पिस अपरेशन्स् इनिसियटिभ कार्यक्रमअन्तर्गत सञ्चालन भएको हो।

# 'बज्र प्रहार' अभ्यास सम्पन्न



उपत्यका पृतनामा यही पुस १ गतेबाट सञ्चालन भएको 'बज्र प्रहार' कमाण्ड पोष्ट अभ्यास पुस ८ गते सम्पन्न भएको छ। ८ दिनसम्म सञ्चालित पहिलो चरणको उक्त कमाण्ड पोष्ट अभ्यासमा उपत्यका पृतना हे.क्व.तथा अन्तर्गतका आर्टिलरी निर्देशनालय, इन्जिनियर निर्देशनालय, सिग्नल निर्देशनालय, हवाई सुरक्षा निर्देशनालय, नम्बर १ वाहिनी र नम्बर २६ वाहिनी अड्डाको संलग्नता रहेको थियो। सो पोष्ट अभ्यासको दौरानमा पुस ४ गते उपत्यका पृतनापति उपरथी श्री पूर्णचन्द्र थापा तथा चीफ अफ स्टाफ सहायक रथी श्री राजु बस्न्यातबाट पृतना अन्तर्गतका निर्देशनालय र वाहिनी अड्डाको निरीक्षण गरी आवश्यक निर्देशन समेत दिइएको थियो।

# प्यारा वीङ्ग प्रदान

महाराजगञ्जस्थित नं १० वाहिनी अड्डाअन्तर्गत प्यारा तालिम शिक्षालयमा सञ्चालन भएका सि.सं १७ जम्पमाष्टर तालिम, सि.सं १२४ प्यारा बेशिक तालिम र सि.सं १२५ प्यारा बेशिक तालिमका शिक्षार्थीहरुलाई वाहिनीपति सहायक रथी श्री हेमन्त राज कुवँरले गत मङसिर २९ गते एक कार्यक्रमकाबीच प्यारा वीङ्ग प्रदान गर्नुभइ संयुक्तरुपमा तालिमहरुको समापन गर्नुभयो।



जम्पमाष्टर तालिममा अधिकृत २ अन्यदर्जा ९ जना, सि.सं १२४ प्यारा बेशिक तालिममा अधिकृत ४, पदिक १ र अन्यदर्जा ६४ जना र सि.सं १२५ प्यारा बेशिक तालिममा अधिकृत १३, पदिक २, अन्यदर्जा १३६ जना शिक्षार्थीहरुले तालिम पूरा गरेका छन्।


यसैगरी वाहिनीपति श्री कुँवरले महावीर गण रेञ्जरमा सञ्चालित सि.सं. ११ रेञ्जर आधारभूत तालिम पूरा गरेका ८२ जना शिक्षार्थीलाई गत मङ्सिर २१ गते एकीकृत सैनिक तालिम केन्द्र सालझण्डीमा आयोजित एक कार्यक्रमकाबीच शिक्षार्थीहरुलाई रेञ्जर ट्याव प्रदान गरी तालिम समापन गर्नुभएको छ।

## शान्ति सैनिकको स्वागत



संयुक्त राष्ट्र संघको आह्वानमा युनामी मिशन इराकमा कार्यरत युनामी गार्ड युनिट १ बाग्राह शा.से तेस्रो डफ्फा आफ्नो कार्यकाल पूरा गरी यही पुस ६ गते स्वदेश फिर्ता भएको छ। उक्त टोलीलाई निरीक्षणाधिकृत उपरथी श्री प्रेम प्रकाश था.म.ले यही पुस ९ गते श्री त्रिभूवन आर्मी अफिसर्स क्लव जङ्गी अड्डामा स्वागत गर्नुभएको थियो। श्री नं १० वाहिनी अड्डा स्पेशल फोर्स अन्तर्गत शान्ति स्थापनार्थ इराकमा खट्टिएको सो टोली प्रमुख सेनानी श्री सन्तोष राज पाण्डेको नेतृत्वमा स्वदेश फिर्ता भएको हो।

## जवान लाईन तथा जिमहल उद्घाटन



यही पुस ९ गते नं. १८ वाहिनीपति सहायक रथी श्री रामकृष्ण अधिकारीले नयाँ श्रीनाथ गणको निरीक्षण गरी गणमा नवनिर्मित ४० वेड क्षमताका जवान लाईन र जिम हलको उद्घाटन गनुभयो।

यसक्रममा उहाँले गणको कोत गार्ड, जवान भान्छा, जवानलाईको निरीक्षण गर्नुभइ गणको जिम्मेवारी क्षेत्रको वस्तुस्थितिबारे जानकारी लिनु भएको थियो। सोही क्रममा उहाँले गणका सकलदर्जालाई सम्बोधन गर्नुभइ विविध पेशागत विषयमा निर्देशन दिनु भएको थियो।

## विशेष सुरक्षा बलको वार्षिकोत्सव सम्पन्न



नारायणहिटीस्थित श्री विशेष सुरक्षा बलले यही पुस १ गते आफ्नो स्थापनाको ४३ औं वार्षिकोत्सव मनाउनेक्रममा फुटबल, भलिबल, दौड तथा चाँदमारी फायरिङ्ग प्रतियोगिता सञ्चालन गरेको थियो। उक्त प्रतियोगिताहरुमा विजयी हुनेहरुलाई विशेष सुरक्षा बलको मूख्य सुरक्षा अधिकृत महा सेनानी श्री अनन्त कार्कीले पुरस्कार तथा प्रमाण-पत्र वितरण गर्नु भएको थियो। वार्षिकोत्सवको अवसरमा आयोजित विशेष कार्यक्रममा सि.सं.१ तेक्वान्दो तालिमका शिक्षार्थीद्वारा तेक्वान्दो कला प्रदर्शन गरेका थिए।

## श्री सैनिक स्टड फार्म सेन्टरः एक परिचय

नेपाल एक पहाडी, विकासोन्मुख तथा भूपरिवेष्ठित राष्ट्र हो। नेपालको प्राचीन इतिहासलाई केलाएर हेर्दा यहाँ कुनै यातायातको साधन थिएनन्, बाटोघाटोको सुविधा थिएन। देशको एक स्थानबाट अर्कोस्थानमा पुग्न महिनौं पैदल हिड्नु पर्ने अवस्था थियो। त्यस बखत एक ठाउँबाट अर्को ठाउँसम्म पुग्न वा सरसामानहरु ओसार प्रसार गर्न घोडाखच्चडहरु नै एक मात्र माध्यम थिए। त्यसै अवस्थालाई मूल्याङ्कन गरेर नै नेपाली सेनाले सामान ओसारपसार गर्न तथा घोडचढी लडाइँ लड्न घोडा प्रयोग गर्न थालेको थियो। त्यति मात्र नभएर विभिन्न सभा समारोहहरुमा अश्वकला प्रदर्शन गर्ने जस्ता कार्यहरुमा घोडाहरुको प्रयोग गर्न थालियो। जसको फलस्वरुप नेपाली सेनाको लागि आवश्यक पर्ने घोडाघोडीहरु स्वदेशमा नै उत्पादन गर्ने उद्देश्यले स्व.श्री ५ विरेन्द्र वीर विक्रम शाहको आदेश बमोजिम २०४१ साल पौष १४ गते चितवनस्थित भरतपुरमा श्री शाही नेपाली सैनिक स्टड फार्म सेन्टर (हाल सैनिक स्टड फार्म सेन्टर) स्थापना भयो। उक्त फार्म सेन्टरको २०४८ साल पौष १५ गते तत्कालीन प्रबन्धरथी उपरथी श्री कृष्ण नारायण सिंह थापाले विधिवत्रुपमा समुद्घाटन गर्नुभएको थियो। स्थापनाकालदेखि नै यस सेन्टरले प्रबन्धरथी विभाग अन्तर्गत श्री पशु विकाश तथा पशु चिकित्सा निर्देशनालयको मातहतमा रही कार्य गर्दै आइरहेको छ।



स्वेदशमा नै विभिन्न जातका घोडाघोडीहरु उत्पादन गर्दा देशको हावापानी अनुसार राम्रोसँग काम लिन सकिने, रोग प्रतिरोधात्मक क्षमता राम्रोभइ स्वस्थ र निरोगी घोडाहरु उत्पादन हुने र आवश्यकताअनुसार स्वदेशमा नै आपूर्ति गर्न सकिने हुँदा विदेशबाट मङ्गगो खर्च गरी आयात गरिएको घोडाहरुभन्दा सस्तो र सुलभ रुपमा आपूर्ति गरी देशको आर्थिक भारलाई समेत कम गर्न सकिनुको साथै केही हदसम्म भएपनि नेपाली नागरिकहरुले रोजगारीको अवसर पाउने उद्देश्यले यस सेन्टरको स्थापना भएको हो। बाँकी पेज ७ मा

## काली प्रसाद गण (इ)द्वारा पशुपति क्षेत्र सरसफाइ



बालाचतुर्दशीको अवसरमा गौचर व्यारेकस्थित श्री काली प्रसाद गण(इ)ले पशुपति विकास कोषको आग्रहमा पशुपतिनाथ मन्दिर परिसरको सरसफाइ गर्नुको साथै श्रद्धालु भक्तजनको सुविधालाई ध्यानमा राखेर मन्दिर परिसरमा व्यरिकेटहरु निर्माण तथा बागमती नदी माथि अस्थाई पुल निर्माण गरेको थियो।

तिर्थालु भक्तजनहरुको आगमनलाई सहज बनाउनको लागि तीन दिन लगाएर बागमती नदीमाथि पुल निर्माण गरेको थियो भने गत मङ्सिर २६ गतेदेखि २९ गतेसम्म बागमती नदी सरसफाइ गरेको थियो।

## इन्द्रध्वज गणको सामाजिक कार्य



एन.आई.सी. बैंक बिर्तामोड शाखा र नेपाल रेडक्रस सोसाइटी झापाले संयुक्त रुपमा पुस ७ गते आयोजना गरेको रक्तदान कार्यक्रममा इन्द्रध्वज गणका २१ जना सकलदर्जाले रक्तदान गरेका छन्। सो रक्तदान कार्यक्रममा गणका गणपति प्रमुख सेनानी श्री सुशिल कुमार कार्की समेत गरी २१ जना सकलदर्जाले रक्तदान गरेका हुन्। सो रक्तदान कार्यक्रममा २१ वाहिनीअड्डाका सहायक वाहिनीपति महासेनानी श्री राजेन्द्र कार्की लगायत सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो। यसअघि सो गणले जिल्लाको ज्यामिरेगढी गाविसस्थित ॐ कारेश्वर मन्दिरमा यही पुस ७ गतेदेखि १३ गतेसम्म सञ्चालन भएको श्रीमद् विष्णु पूराण धान्याञ्चल एवं पूजन महोत्सवको लागि सो मन्दिर परिसरको सरसफाइ गरेको थियो।



## रिपुमर्दन गणद्वारा विद्यालय रङ्गरोगन

सर्लाही जिल्लामा तैनाथ श्री रिपुमर्दन गणले सर्लाही जिल्ला घुकौली गाविस वडा नं. ६ स्थित प्राथमिक विद्यालयको २ कोठे भवन, ४ कट्ठा जमिनको विद्यालय कम्पाउण्ड पर्खाल, शौचालय र विद्यालय परिसरमा रहेको चौतारामा समेत करिब रु.१५ हजार बराबरको रङ्ग सामग्री वितरण गर्नुका साथै गत मङ्सिर २४ गतेबाट ३० गतेसम्म गणका सकलदर्जाबाट रङ्ग लगाउने कार्यमा श्रमदान गरेका थिए।

## शम्शेरदल गणद्वारा स्वास्थ्य शिविर सञ्चालन



शम्शेरदल गणले गत मङ्सिर १४ गते चितवन जिल्लाको कबिलास गाविस चौकीडाँडा तथा हरवानीमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी ११९ जना चेपाङ्ग जातिका बासिन्दाको उपचार गरेको छ। नं. ७ फि.ए. गुल्मका सह-सेनानी डाक्टर श्री सुमित बिडारी, गणको मेडिकल टीम र क्लिनिक नेपालका स्वास्थ्यकर्मीहरुसँगको सहकार्यमा उक्त शिविर सञ्चालन गरी औषधीसमेत वितरण गरिएको थियो।

## सामाजिक कार्यमा अर्जुनवाण गण

मोरङ्ग जिल्लामा तैनाथ श्री अर्जुनवाण गणले गत मङ्सिर २१ गते थलाहा गाविसको लोहोन्द्राघाट बजार जाने बाटो निर्माण तथा मर्मत कार्य गरेको छ।

यस्तै उक्त गणअन्तर्गत टाँढी सुरक्षा गुल्मबाट खट्टिएको एक टोलीले मोरङ्ग जिल्लाको टाँढी गाविस वडा नं.८ मा रहेको रामेश्वर शिवालय मन्दिर परिसरका साथै बाटो सरसफाइ गरेको छ। यसैगरि गत मङ्सिर १४ गते सुरक्षा गुल्म विराटनगरबाट खट्टिएको एक टोलीले विराटनगर रानीस्थित नारायण वृद्धाश्रम मन्दिरको सरसफाइ कार्य गरेको थियो भने गण हे.क्वा.बाट गत मङ्सिर १६ गते गएको एक टोलीले भौडाहा गाविस खरवनामा रहेको श्री सरस्वती प्राथमिक विद्यालय र कटहरी चमाराईस्थित एक उद्योगमा विद्युत सर्टभइ लागेको आगलागी नियन्त्रण गरेको थियो। सो आगलागी नियन्त्रण गर्न गणबाट फायर फाईटिङ्ग टोलीको साथै सशस्त्र प्रहरी, नेपाल प्रहरी, विराटनगर बारुण यन्त्रका साथै स्थानीय बासिन्दाले सहयोग गरेका थिए।



## कर्मक्षेत्र

अ.प्रा.प्र.से.झपट था.म.(जे खुलाल)



मन थियो चुलबुले ,
तन अल्छी अल्छी ।
बिना लक्ष्य रहर थुप्रै
अलमलमा थेँ अल्झी

गम्दा गम्दै एक दिन ममा
दिव्य ज्ञान खुल्यो
मनभरि ढकमक्क
कर्म क्षेत्र फूल्यो

कर्मक्षेत्र फेला पारेँ
पूजावेदी पाएँ ।
कर्तव्य र उत्सर्गबीच
मैले प्रित लाएँ

सपनी र विपनीमा
देश भक्तिकै गीत
त्यै गीतमा झुम्दा झुम्दै
माटोसँग प्रित

## सैन्यलाई अर्ति

सह-सेनानी कुल बहादुर ढकाल
श्री खड्गदल गण, काभ्रे



देश जनताको सेवा गर्न आयौ भर्ना भइ
तालिम गर्न किन दुःख मान्छौ सैन्य भाइ
प्रवेश गर्दा जुन सपना थियो तिम्रो मनमा
त्यसलाई साकार पार्न तिमीले पर्छ दुःख गर्न ।

तालिममा हुन्छ केही कठिन कार्यहरु
बाहिरभन्दा लाखौं बुझ्छौ तिमीले कुरा अरु
आफूखुसी बरालिएर हिड्थ्यौ होला पहिले
गाह्रै हुन्छ ठीक मार्गमा फर्कनलाई अहिले ।

गर तालिम जागरुक र उत्सुकताको साथ
परिवर्तन पाउँछौ आफूलाई तिमीले दिनरात
शरीर आउँछ कसिएर बुद्धि तिखारिएर
सहनशील र धैर्य गर्न शक्ति मिल्छ धेर ।

नसोच है धन कमाउन त्यस्तो सरल कुरो
ज्ञान र मान आर्जन गर्न हुनैपर्छ सुरो
अल्लारे त्यो चञ्चले मन थाम्न मात्र खोज
कुशल सिपाही भएपछि पाउने छौ है मोज ।

## तिम्रो लागि

अम.सविना खड्का
प्रचार प्रशार शाखा, जङ्गी अड्डा



जलि सक्यो मेरो आत्मा, अब फेरी आगो नलाऊ
बिर्सिसके अतितलाई, स्मरणमा तिमी नआऊ
लाग्छ अब मेरो जीवन, फुल्नै नपाई झरिसक्यो
जिउँदो शरीर देख्यौ तिमीले, आत्मा मेरो मरिसक्यो

माया एउटा सपना हो, ब्युझेपछि उडिजाने
दोबाटोमा पुगेपछि, अन्तै बाटो मोडिदिने
नत जिते हाँस्नलाई, नत हार भो रुन
नआऊ अब समिपमा तिमी मेरो हुन

मैले देख्ने सपनालाई, साकार पार्न आउँछु भन्छौ
संगीतको धुनसँगै मनको भाका गाउँछु भन्छौ
तार छिनेको सारङ्गीको धुन सुन्न खोज्छौ भने
नौलाख तारा हटिदिन्छन्, चन्द्रमालाई रोज्छौ भने

झर्दै गए तिम्रो सामु यी आँखाका आँशु
रौयौ तिमी मेरो लागि सापट दियौ हाँसो
सुम्पिन्छु म तिम्रो लागि मेरो जिन्दगानी
तिम्रो बाटो हेर्दै बस्छन् यी आँखाका नानी ।

## हल्दार हुने छाँटकाँट छैन

अम.प्रेमकुमार पौडेल
श्री भवानी बक्स गण, बुटवल

लौ है प्रिय जसो तसो सोह्र वर्ष खाइने भइयो
हल्दार हुने छाँटकाँट छैन अमल्दार मै आइने भइयो
कहिले बर्बाद आफै हेर कैले बर्बाद रिसले गर्‍यो
जे नगर्नु पल्टनमा सत्तरी र तीसले गर्‍यो
भगवान दाहिने हुनुपर्ने आफै उसको दाहिने भइयो
लौ है प्रिय जसो तसो सोह्र वर्ष खाइने भइयो
हल्दार हुने छाँटकाँट छैन अमल्दार मै आइने भइयो

कसैलाई नभन्नु है यो पल्टनको रीति अरे
के लाग्छ र माथि बाटै बज्रिएको नीति अरे
भर्ना हुन आए जस्तै प्रमोशनलाई लड्नु पर्ने
जुनै तालिम गरे पनि एउटै कुरो पढ्नु पर्ने
जमदार भनि गाउँघरमा बडो फुर्ती लाइने भइयो
लौ है प्रिय जसो तसो सोह्र वर्ष खाइने भइयो
हल्दार हुने छाँटकाँट छैन अमल्दार मै आइने भइयो


सधैं बादल मेघ वर्षात् घाम नलाग्ने भयो जीवन
द्वन्द्वकालमा घाईते भइयो काम नलाग्ने भयो जीवन
अनर्थ ती योगदानले कसैको मन खान्न भन्छन्
पल्टन छोडी सापहरु मरे काटे जान्न भन्छन्
के गर्नु खै बूढेसकालमा साह्रै दुःख पाइने भइयो
लौ है प्रिय जसो तसो सोह्र वर्ष खाइने भइयो
हल्दार हुने छाँटकाँट छैन अमल्दार मै आइने भइयो

विक्षिप्त छ मानसिकता देब्रे हातले भर नपाउने
कठैबरा घाईते भनि पल्टनमा धर नपाउने
जूनियर चै भकाभकी पदोन्नति हुन थाले
सिनियर चै कुना पसी सुक्क सुक्क रुन थाले
जसको बोक्रो राम्रो हुन्छ उसकै गुणगान गाइने भइयो
लौ है प्रिय जसो तसो सोह्र वर्ष खाइने भइयो
हल्दार हुने छाँटकाँट छैन अमल्दार मै आइने भइयो

हिजो नीति ठीकै थियो र पो पल्टन रमाएथ्यो
मान सम्मान बहादुरी यही पल्टनले कमाएथ्यो
भोलिको दिन कमाण्ड कन्ट्रोल गर्न गारो पर्ने हो की ?
एक पटक यस कुरामा सोच विचार गर्ने हो की
कहिले तल कहिले माथि सधैँ पेशमा धाइने भइयो
लौ है प्रिय जसो तसो सोह्र वर्ष खाइने भइयो
हल्दार हुने छाँटकाँट छैन अमल्दार मै आइने भइयो ।

## नयाँ श्रीनाथ गणका हामी हौ वीर सिपाही

हुद्दा रमेश थापा
नयाँ श्रीनाथ गण, सिराहा



वीर जाति गोरखाली हौँ, संसारमा नामी
अठार सय चालीसमा, जन्मिएका हामी
बिजुली हौँ चलाख छौँ, जान्छ को छकाई
नयाँ श्रीनाथ गणका, हामी हौँ वीर सिपाही

गढवाल र काँगडामा, लड्ने हामी वीर
नेपाल-तिब्बत युद्धमा, झुकेन यो शीर
उच्च शीर वीरको, हिँड्छ सधैं मुस्कुराई
नयाँ श्रीनाथ गणका हामी हौँ वीर सिपाही

भुल्दछ जो पौरखले कोरिएको बाटो
ज्युँदै मर्‍यो त्यो, जसले बिर्सियो देशको माटो
ढलोस् बरु यो शीर, सहन्न देशको दुखाई
नयाँ श्रीनाथ गणका, हामी हौँ वीर सिपाही

## गजल

प्युठ बलदेव के.सी.
गणेशदल गण, तोपखाना



सच्चा नजरले हेर्दैछ सिपाही
अङ्गालोमा देश बेर्दैछ सिपाही
अकारण कुण्ठित बनाए पनि
ममताले सधैं घेर्दैछ सिपाही

उपचार यार आधार र संसार
ऋतु जस्तै रङ्ग फेर्दैछ सिपाही
नचिनी नचिनी यो घर आफ्नो
तस्विर देशकै कोर्दैछ सिपाही

रातो चन्द्र-सूर्य झण्डा मुनि बसी
देशको ईशारा टेर्दैछ सिपाही

## आमा

प्युठ नरेश पन्त
श्री बज्रदल गण, नवलपरासी
हाल श्री नेपाली सैनिक प्रतिष्ठान, खरिपाटी

शत्रु विनास गर्छु आमा, फौजी बर्दी ला'छु
देशमा शान्ति छर्ने आमा, जिम्मा मैले पा'छु ॥

छिर्न दिन्न दुश्मनलाई चार किल्लामा डिउटी
नभनी भोकतिर्खा घामपानी मध्य रातमा उठी

देशकै निम्ति मर्छु आमा, फौजी बर्दी ला'छु
देशको विकास गर्छु आमा, निशान कसम खा'छु ।

कमाण्डरको आदेश मान्छु डिउटी राम्रो गर्छु
अन्तिम श्वास फेर्न परे देशकै निम्ति फेर्छु

लड्छु आमा देशको निम्ति, फौजी बर्दी ला'छु
शान्ति छर्छु भनी आमा, यो धर्तिमा आ'छु

दुश्मनलाई टिक्न दिन्न टुक्रा-टुक्रा पार्छु
मर्न परे पनि आमा, आफ्नै देशको लागि मर्छु

शान्ति दीप बाल्छु आमा फौजी बर्दी ला'छु
देशको चिन्ता नलिउ आमा तिम्रै कसम खा'छु

## गजल

रामचन्द्र बस्नेत
श्री नं.१ ए.डिं न्याट्री, गौचर एयरपोर्ट

तिमी जस्तो मन मिल्ने, कोही पनि पाको छैन
धड्कन भित्र तिमी मात्र, छोडी अन्त गाको छैन

तिमी भए पुग्छ मलाई, चाहिँदैन केही पनि
कसम तिम्रो आजसम्म, कतै नजर लाको छैन ।

धेरै आए ज्यानै दिने, म त मर्छु तिमी प्रति
खाए कसम कतिले, मैले कसम खाको छैन

तिमीभन्दा बाहेक कोही, सोच्ने फुर्सद छैन मलाई
ठाउँनै छैन कतै पनि, मनमा अरु बसाको छैन ।

तारा झार्ने वाचाहरु, गरिदैमा हुन्न मायाँ
विश्वास गर्छु तिमीमा, मठ मन्दिर धाको छैन

बढ्दै गा'छ मायाँ मेरो, हिजो भन्दा आज धेरै
झनै धेरै गर्छु भोलि, मायाँ मैले घटा छैन ।

खुसी छु आज धेरै, प्रस्तावको स्वीकृतिले
कुर्छु तिम्लाई जतिपनि, हतार मलाई भाको छैन ।

## मेरो प्यारो राजदल गण

गनरः प्रदीप पौडेल
श्री नं.१ राजदल गण, ईटहरी



राष्ट्रवासी नेपाली नेपाल हाम्रो देश
कर्म गर्नु निःस्वार्थले हाम्रो यो सन्देश
सत्यताको शक्ति निशान हाम्रो बल
नं.१ राजदल, राजदल, राजदल

सिमावारि सिमापारि लड्ने हाम्रो कला यो
धुवाँ, धुलो बन्छ त्यो जसले हामीलाई चलायो
वैरी बस्ने किल्लाहरु नहेरेरै चिन्न सक्छौं
आगो दन्कियोस् बरु पथमा सजिलै हिड्न सक्छौं
वैरी आँखा लाग्न दिन्नौं देशमा कुनै पल
नं.१ राजदल, राजदल, राजदल

सुरो वीर सिपालु देशभक्तले
सिलालेख लेख्न खोज्छ वैरी रक्तले
कहिले मेची कहिले काली पहाड अनि तराईमा
भेदभाव लिन्नौं हामी आफ्नो र पराईमा
माया गर्छौं नेपालीलाई रक्षा माटोलाई
नेपालीका सन्तान हामी एउटै दाजुभाइ
धेरै थरी सीप हाम्रो बन्छ एउटै बल
धैर्यको त सिमा छैन न छ कपट छल
नं.१ राजदल, राजदल, राजदल

## जाग्यो देशभक्त

अम.नरेन्द्र बहादुर वी.सी.
श्री चण्डी प्रसाद गण



म कर्तव्यनिष्ठ एक बहादुर राष्ट्र सेवक
सदा देशभक्त जनताको अग्रणी सेवक
सेवा गर्छु यो देशको नभनी दिन रात
देश प्रेमी उच्चशीरमा हुँ राष्ट्रको सेवक
हुँ अग्रिम भइ देश र जनताको निडर सेवक
बहादुरी आत्मबल अनुशासित भइ बन्छु उच्च सेवक
म मातापितालाई उच्च शीरोपर राखी बन्छु सेवक
राष्ट्र राष्ट्रियताको जगेर्ना गर्ने म हो सेवक
म राष्ट्रको योद्धा र जनताप्रतिको बफादार सेवक
वैरीलाइ एकमुठी श्वास रहुँन्जेल लड्छु, हुँदै राष्ट्रको सेवक
म विश्वासमाथि आस्थाराख्दै बन्छु पवित्र सेवक
म कर्तव्यनिष्ठ एक बहादुर राष्ट्र सेवक

## गजल

सिपाही गणेश भेटवाल्
श्री नेपाल क्याभल्री, सिंहदरवार

हात समाई सँगै सँगै शहरहरु चारेँ सानू
कुनै दिन नदेख्दा, आँशु पनि झारेँ सानू ।
फक्राउन नसक्दा प्रेमको सानो कोपिलालाई
आफूले आफैँलाई धेरै पटक धिक्कारेँ सानू ।

हल्लाहरु धेरै भए, इर्श्या गर्ने हुँदारैछन्
बाँच्नै पर्‍यो समाजमा प्रेमको युद्ध हारेँ सानू ।
मेरो कारणले तिम्रो शीर नपरोस है निहुराउन्
तिम्रो विचार कसम मान्छु, मेरो पर सारेँ सानू ।

भविष्यमा के पो हुन्छ, कहिले कहिले अतालिँदा
विश्वासिलो तिम्रो मुस्कान मनलाई दह्रो पारेँ सानू ।
भाग्यमा लेखिएको रैछ भने मेटिँदैन
तिमीलाई वारी छाड्दै आफूलाई पारी तारेँ सानू ।

## आह्वान

अब तपाईंको आवाज रेडियो कार्यक्रममा पनि.....

- तपाईंका आफ्ना घरपरिवार, साथीसंगी तथा आफन्त र सहकर्मी साथीहरुलाई व्यक्तिगत सन्देश छन् ?
- तपाईंसँग गीत गाउन सक्ने, क्यारिकेचर गर्न सक्ने, वाद्य-वाधन गर्न सक्ने जस्ता कला एवं प्रतिभा छन् ?
- तपाईंसँग कविता, गजल, चुट्किला, मुक्तक, सायरी, हाईकु आदि साहित्यिक सिर्जना छन् ?

**यदि छन् भने अब तपाईंको लागि खुशीको खबर** !!!

हरेक हप्ताको आईतबार रेडियो नेपालबाट र देशका विभिन्न ६ वटा एफ.एम. स्टेशनहरुबाट छुट्टाछुट्टै बार र समयमा प्रशारण हुँदै आएको सैनिक रेडियो कार्यक्रममा अब तपाईंको आवाजपनि.....

यसका लागि तपाईंले हाम्रो स्टुडियोको फोन नं. ०१-४२४४४३१ मा सम्पर्क गर्न सक्नु हुनेछ। विदाको दिन बाहेक हरेक हप्ताको सोमबारदेखि बिहीबारसम्म दिउँसो २ बजेदेखि ३ बजेसम्म आफ्नो सुझाव, प्रतिक्रिया, सन्देश, प्रतिभा, कला र साहित्यिक सिर्जना रेकर्ड गर्नुहुन अनुरोध गरिन्छ ।

नोटः-**नेपाली सेनासँग सम्बन्धित सामग्रीलाई विशेष ग्राह्यता दिइनेछ ।**

**साथै यस सिपाही पाक्षिक पत्रिकाको लागि लेख रचनाहरु सिपाही पाक्षिक पत्रिका श्री सैनिक जनसम्पर्क निर्देशनालय, प्रचार प्रसार शाखा जंगी अड्डा** को ठेगानामा पठाउनु हुन अथवा sipahipatrika@gmail.com मा ईमेल गर्नुहुन अनुरोध गरिन्छ । साथै लेखरचनासँगै १ प्रति फोटो पठाउनु हुन र सम्भव भएसम्म सम्पर्क फोन नम्वर पनि उल्लेख गरिदिनु हुन अनुरोध गरिन्छ ।

# प्रकृति संरक्षण गतिविधि

शुक्लाफाँटा वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री गरुडदल गण तथा अन्तर्गतका पोष्टहरुबाट गत मङ्सिर १७ गतेदेखि २६ गतेसम्म गएको पट्रोल टोलीले अनधिकृत तरिकाले दाउरा तथा घाँस संकलन गर्दै गरेका १४४ जनालाई नियन्त्रणमा लिएको छ । त्यसैगरि आरक्ष इलाकामा छाडा चरिचरण गरिरहेका २३ वटा चौपायलाई समेत नियन्त्रण गरेको थियो । गत मङ्सिर २० गते सु.से.मु. पिपरिया पोष्टबाट गएको पट्रोल टोलीले आरक्ष इलाकामा माछा मारिरहेका ९ जनालाई जाल गोटा ३ सहित नियन्त्रणमा लिएको थियो भने अर्जुनी पोष्टबाट पश्चिमतर्फ पर्ने महेन्द्र राजमार्ग नजिक चितुवाले मारेर छाडेको १ मृत चित्तललाई पट्रोल टोलीले फोला पारेको थियो ।

बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री नरसिंह दल गण हे.क्वा तथा अन्तर्गतका सुरक्षा पोष्टहरुबाट गत मङ्सिर १८ गतेदेखि २६ गतेसम्म गएको पट्रोल टोलीले निकुञ्ज इलाकामा घाँस, दाउरा गर्दै गरेका १६ जनालाई हँसिया गोटा १३ र नाम्लो ३ गोटा सहित पक्राउ गरेको थियो । साथै प्रतापपुर पोष्टबाट गएको पट्रोल टोली र चोरी शिकार युवा जागरण संयोजक समितिको संयुक्त टोलीले गत मङ्सिर २६ गते गस्ती गर्ने क्रममा पोष्टको दक्षिणी चुरे इलाकामा १ नाल भरुवा बन्दुक, करीब १०० ग्राम गन पाउडर र करीब १ इन्ज फलामको रड फेला पारेको थियो ।

चितवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री नन्दाबक्स गण हे.क्वा. तथा अन्तर्गतका पोष्टहरुबाट गत मङ्सिर १७ गतेदेखि २७ गतेसम्म गएको पट्रोल टोलीले घाँस दाउरा संकलन गर्दै गरेका ५५ जनालाई पक्राउ गरेको थियो । त्यस्तै मङ्सिर १७ गते गणको संयुक्त पट्रोल टोलीले मकवानपुर जिल्ला मनहरी गाविस सिरानटोलमा लुकाई राखेको ११३ थान गोलिया काठ, मङ्सिर २२ गते भिमपुर पोष्टबाट गएको टोलीले ५ थान गोलिया काठ, मङ्सिर २७ गते सिमरा पोष्टबाट भएको टोलीले ५ थान सहित ७ जना व्यक्तिलाई नियन्त्रणमा लिएको थियो । त्यसैगरि मङ्सिर २३ गते निकुञ्जको लिगलिगे पोष्टबाट ढुङ्गा संकलन गर्दै गरेको अवस्थामा दुई जना व्यक्तिलाई ट्याक्टर सहित पक्राउ गरेको थियो ।

बाँके राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ गोरखदल गण हे.क्वा तथा अन्तर्गतका सुरक्षा पोष्टहरुबाट गत मङ्सिर १६ गतेदेखि १९ गतेसम्म गएको पट्रोल टोलीले दाउरा संकलन गर्दै गरेको अवस्थामा १४ जनालाई पक्राउ गरेको थियो भने निकुञ्जको दुदुवा खोला इलाकामा बेवारिसे अवस्थामा रहेको ५० थान बन्चरो बरामद गरेको थियो ।

लाङटाङ राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री अह्निदमन गण हे.क्वा. तथा अन्तर्गतका सुरक्षा पोष्टहरुबाट गत मङ्सिर १९ गतेदेखि २५ गतेसम्म गरेको सुरक्षाका कार्वाहीमा घाँस दाउरा गर्दै गरेका ३ जनालाई साइकल गोटा ३ र बन्चरो गोटा तीन सहित पक्राउ गरेको थियो । यस्तै गणबाट गएको संयुक्त टोलीले घट्टेखोला इलाकामा थापेको पासो बरामत गरेको थियो भने मङ्सिर २० गते काठमाण्डौंबाट टिमुरेतर्फ जाँदै गरेका सुमो गाडीलाई चेक जाँज गर्दा हुँडारको छाला जस्तो देखिने शंकास्पद छाला फेला पारी नियन्त्रणमा लिएको थियो ।

# प्राविधिक उपरथी श्री नरेश बहादुर बस्न्यातको विशेष नियुक्ति

नेपाल सरकार मन्त्रि परिषद्को २०६९ पुष १२ गतेको बैठकले नेपाली सेनाका प्राविधिक उपरथी श्री नरेश बहादुर बस्न्यातलाई मिति २०६९/९ /१५ गतेदेखि लागु हुने गरी दुई वर्षको लागि विशेष नियुक्त गरेको छ ।

नेपाली सेनाको दक्ष इन्जिनियर जनशक्ति राष्ट्र विकासका विभिन्न आयोजनाहरुमा लामो समयदेखि विशिष्टरुपले सहभागी हुँदै आएको छ । शसस्त्र द्वन्द्वको अन्त्यभई मुलुक शान्ति र विकासको चरणमा प्रवेश गरिरहेको अवस्थामा विकास निर्माणका कार्य द्रुतगतिमा अगाडि बढाउन र नेपाल सरकारको राष्ट्रिय प्राथमिकतामा परेका सडक आयोजनाहरुलाई निरन्तरता दिन नेपाली सेनाको सहभागिता महत्वपूर्ण रहने तथ्य निर्विवाद छ ।

यसअघि नेपाली सेनाको वि.नि.म.निर्देशकको हैसियतले प्राविधिक उपरथी श्री नरेश बहादुर वस्न्यातले नेतृत्वदायी भूमिकामा रही राष्ट्रियस्तरका आयोजनाहरु सञ्चालन गरी विशिष्ट अनुभव तथा उच्चतम सफलता दिलाउन सफल हुनु भएको छ ।

उहाँले राष्ट्रिय विकास निर्माणमा पुऱ्याउनु भएको योगदानको साथै नेपाली सेनाको बङ्करदेखि व्यारेकका पूर्वाधारहरु निर्माण गर्ने लक्ष्य हासिल गर्न, नेपाली सैनिक स्वास्थ्य विज्ञान संस्थान, एकीकृत सैनिक तालिम केन्द्र, भेट्रान्स होम आदिको निर्माणमा समेत उहाँले पुऱ्याउनु भएको योगदान सराहनीय रहेको छ ।

नेपाली सेनाको वि.नि.म.नि.को नेतृत्वको लागि त्यस्ता उच्चस्तरीय व्यवस्थापनमा प्रभावशाली भूमिका निर्वाह गर्दै आउनु भएका व्यक्तिको अधिकतम उपयोग गर्दा संस्थाका साथै राष्ट्रलाई नै फाइदा हुने देखिन्छ ।

# बरख गणद्वारा सचेतना कार्यक्रम सञ्चालन

वीरगंजस्थित बरख गणले वीरगंज उपमहानगरपालीकाको नरसिंह उच्च मा.वि., माईस्थान विद्यापिठ मा.बि., श्रीरामचरण साह पन्नालाल मा.बि. र नेपाल राष्ट्रिय विद्यापिठ उच्च मा.वि.मा गत मङ्सिर २४ गतेदेखि २७ गतेसम्म विष्फोटक पदार्थबाट हुने जोखिम सम्बन्धी सचेतना कक्षा सञ्चालन गरेको थियो । करिव १४०० जना शिक्षक तथा छात्र छात्राहरु सम्मिलित उक्त कक्षा सञ्चालनका क्रममा बरख गणका गणपति प्रमुख सेनानी श्री धन बहादुर थापाले विष्फोटक पदार्थको जोखिम न्युनिकरण गर्न यस्ता कार्यक्रमले सहयोग पुऱ्याउने धारणा राख्नु भएको थियो । सह सेनानी श्री मानकाजी श्रेष्ठ र कालिशक्ति गण (ईन्जिनियर्स) बाट खट्टि आउनुभएका जम. चन्द्र बहादुर के.सी. सहितको दक्ष प्राविधिक टोलीले विष्फोटक पदार्थको असर र बारुदी सुरुङ्ग सम्बन्धमा बिस्तृतमा जानकारी गराउनु भएको थियो । उक्त कार्यक्रमबाट शिक्षक तथा विद्यार्थीहरुले विभिन्न किसिमका घातक विष्फोटक पदार्थ र त्यसबाट बनाईएका ईम्प्रोभाईज्ड बम देखा परेमा के गर्ने, कसरी बँच्ने भन्ने बारेमा जानकारी हाँसिल गरेका थिए ।

# विविध सामाजिक कार्य

रुकुम जिल्लामा तैनाथ **श्री दि फेमस महिन्द्रदल गण**ले जिल्लाको डिग्रे शाही कुमारी भगवती मन्दिरमा लागेको मेलालाई दृष्टिगत गरी गत मङ्सिर १२ र १३ गते जिल्ला अस्पताल रुकुमको सहयोगमा प्राथमिक स्वास्थ्य सेवा प्रदान गरेको थियो । गणबाट गएको मेडिकल टोलीले करिब ६०० जना बिरामीहरुको साधारण स्वास्थ्य परिक्षण गरेको थियो ।

बाजुरा जिल्लामा तैनाथ **श्री देवीबक्स गुल्म**ले यही पुस ३ गते साँफे-मार्तडी सडकखण्डमा पर्ने सेलाघाटमा भएको जिप दुर्घटनामा घाईते भएकाहरुको उद्धार कार्य गरेको छ । जिप चालकसहित १३ जना यात्रु रहेको उक्त दुर्घटनाको उद्धार गर्न उप-सेनानी प्रदिप कुमार दाहालको कमाण्डमा २१ जनाको टोली खट्टिएको थियो ।

**रणसिंहदल गण**ले गत मंसिर ११ गते ललितपुर जिल्लाको गोटिखेल गा.वि.स स्थित महांकाल उच्च माध्यामिक विद्यालयको हाताभित्र स्वास्थ्य शिविर सञ्चालन गरी करिब ४१७ जना स्थानीय बासिन्दाको निशुल्क स्वास्थ्य परिक्षण गर्नुका साथै औषधी समेत वितरण गरेको थियोभने सो गणले महांकाल उच्च माध्यमिक विद्यालयलाई सहयोगस्वरुप खेलकुद तथा स्टेशनरी सामाग्री समेत वितरण गरेको थियो ।

# तालिम शुरु

यही पुस १ गते, **सैनिक समाचार शिक्षालय**मा सञ्चालन भएको सि.सं. १५ ईण्टेलिजेन्स तथा सुरक्षा अधिकृत आधारभूत तालिमको महासेनानी श्री निरञ्जन कुमार श्रेष्ठले प्रथम प्रवचन गर्नुभएको छ । सो तालिममा विभिन्न युनिटका २४ जना अधिकृत शिक्षार्थीहरुको सहभागिता रहेको छ ।

सिंहदरबारस्थित **श्री नेपाल क्याभल्री**मा सञ्चालन भएको सि.सं २४ अधिकृत घोडचढी आधार तालिमको यही पुस १ गते कमाण्डीङ्ग अफिसर प्रमुख सेनानी श्री किरण के.सी.ले एक कार्यक्रमकाबीच प्रथम प्रवचन गर्नुभइ शुभारम्भ गर्नुभयो । आगामी चैत ७ गतेसम्म सञ्चालन हुने उक्त तालिममा अधिकृत शिक्षार्थी ८ र अन्यदर्जा ३ गरी जम्मा ११ जना शिक्षार्थी सहभागि छन् ।

# श्री सैनिक स्टर्ड फार्म.........

यस्ता फार्महरुबाट पशु सम्बन्धी विभिन्न रोगहरु, कार्य क्षमता, आहार र पशुहरुको आदत र बानी व्यवहार सम्बन्धी अनुसन्धाननात्मक प्राविधिक कार्यहरु समेत गर्न सकिन्छ । नेपाली सेनाको लागि आवश्यक पर्नसक्ने अन्य पशुपन्छीहरुको लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी पशुपालन सम्बन्धी व्यवहारीक ज्ञान दिने उद्देश्यका साथ सेन्टरले सैनिक पेशागत ज्ञानका अतिरिक्त विभिन्न प्राविधिक तालिमहरुसमेत प्रदान गर्दै आएको छ ।

सेन्टरको पूर्वाधारहरु निर्माण कार्य पूरा गरी २०४३ सालमा करिब १० वटा पाकिस्तान, भारत, अस्ट्रेलिया र स्पेनबाट टांगन,पोनी, थरोब्रिड, कोचहर्स जातका घोडाघोडीहरु ल्याई प्रजनन (ब्रिडिङ्ग) कार्य सुरु गरेको यस सेन्टरले नयाँ बच्चा घोडाहरु तीन वर्षको उमेरसम्म हुर्काउने र आधारभूत तालिमहरु दिएर नेपाल क्याभ्लरीको साथै देशका विभिन्न ऐतिहासिक स्थलहरु जस्तै गोरखा दरबार, हनुमानढोका दरवार आदि ठाउँहरुमा समेत आपूर्ति गर्दै आइरहेको छ । यस सेन्टरमा हाल पोनी, थरोब्रिड र कोचहर्स जातका ५६ वटा घोडाघोडीहरु रहेका छन् र वार्षिक करिब १० देखि १५ वटा बच्चा घोडाहरु उत्पादन हुने गर्दछन् । यस सेन्टरलाई अफबढि क्रियाशील बनाइ आफुसँग भएको सीमित जनशक्ति, श्रोत र साधनहरुको अधिकतम परिचालनगरि घोडाहरुको राम्रो प्रबन्ध उपचार र उत्पादन क्षमतामा वृद्घि गराइ नेपाली सेनाको लागि आवश्यक पर्ने घोडाघोडीहरु उत्पादन गरि आपूर्ति गर्ने यस सेन्टरको मूख्य उद्देश्य रहेको छ । यस सेन्टरमा स्थापनाकालदेखि विभिन्न मितिसम्म ७ जना अधिकृतहरुले प्रबन्धकको जिम्मेवारी निभाउनु भएकोमा हाल प्रा.सेनानी.डा.श्री संजीव कुमार सिंह प्रवन्धकको रुपमा कार्यरत हुनुहुन्छ भने पशु विकास तथा पशुचिकित्सा निर्देशनालयका निर्देशक प्रा.म.से. डा. श्री श्याम सुन्दर शर्मा हुनुहुन्छ ।

# नेपाली सेनाका सवारी चालकहरुलाई आपूर्ति तथा परिवहन गणको अनुरोध

१ गाडी हाँक्दा मेरो ठूलो जिम्मेवारी छ भन्ने बुझ्ने ।
२. गाडीको स्याहार सम्भार तथा मर्म त गर्ने जिम्मेवारी चालकको हो भन्ने सम्फने ।
३. सवारी साधन चलाउदा सिट बेल्टको प्रयोग गर्ने ।
४. अर्ध सैनिक पोशाकमा गाडी नचलाउने तथा साँचो गाडीमा नछाड्ने र आफ्नो जिम्मामा भएको गाडी अरुलाई नदिने ।
५. ओभरलोड, ओभरटेक र ओभरस्पिड नगर्ने ।
६. गाडी चलाउँदा मादक पदार्थ सेवन नगर्ने तथा मोबाइलमा कुरा नगर्ने ।
७. ट्राफिक नियम, लेन अनुशासनको सधैं पालना गर्ने ।
८. रोड र लोडको हालत तथा मौसमलाई ध्यानमा राखी सवारी चलाउने ।
९. अपाङ्ग, वृद्ध, महिला र बालबालिकाहरुलाई बाटो काट्न प्राथमिकता दिने ।
१०. एम्बुलेन्स, सवारी र विदेशी कुटनीतिक नियोगका गाडीहरुलाई विशेष प्राथामिकता दिने ।
११. भनेको बेलामा ब्रेक नलागी घिस्रने भएको हुँदा ब्रेक डिस्टेन्स गाडीको फासला राख्ने ।
१२. घुम्ती चौबाटोमा गियर डाउन गरेर बिस्तारै चलाउने र मोड्न नहुने ठाउँमा गाडी नमोड्ने ।
१३. कच्ची सडकमा छेउ च्यापेर गाडी नचलाउने तथा हतार र मिचाहा प्रवृति नगर्ने ।
१४. निषेधित सामानहरु नराख्ने जस्तै काठ, जङ्गली जनावरहरु अन्य ।
१५. जुलुस तथा हुलदङ्गा भएको एरिया र विरोध कार्यक्रम भएको बेला क्याम्पसको बाटो प्रयोग नगर्ने, वाईपास गरी जाने र विषम परिस्थितिमा नजिकको सुरक्षा पोष्टमा गाडी लैजाने ।
१६. दुर्घटना भएमा सोही ठाउँको ट्राफिक प्रहरीलाई रिपोर्ट गर्ने साथै गणमा र सैनिक प्रहरी गणमा तुरुन्त खबर गर्ने ।
१७. दुर्घटनामा कोही घाईते भएमा तुरुन्त नजिकको सरकारी अस्पतालमा लैजाने ।
१८. सैनिक प्रहरी गणको टेलिफोन नं.४-२४६९३२, ४-२४४९४८ र ४-२२६५१३ तथा ट्राफिक प्रहरीको फोन नं.१०३ मा दुर्घटना सम्बन्धी खबर दिने ।
१९. तोकेको ठाउँमा मात्र गाडी पार्क गर्ने र गाडी छोडेर दायाँ-वायाँ नजाने ।
२०. एक कुशल सैनिक ड्राईभरमा हुनुपर्ने आचरण व्यवहार देखाउने ।
२१. जनतालाई नेपाली सेना तथा सैनिक ड्राईभरको सकारात्मक छवि देखाई राम्रो छाप पार्ने ।
२२. गाडीमा आवश्यक डकुमेन्ट्स, लाईसेन्स, आई.डी.कार्ड इत्यादी साथमा राख्ने र
२३. नेपाली सेनाको उच्च छवि देखाई मानव अधिकारको संरक्षण गरी जनताहरुलाई सेवाको भावना देखाउने ।

**आपूर्ति तथा परिवहन गण**
**थापाथली व्यारेक**

# शिष्टाचार भेटवार्ता

गत मङ्सिर २८ गते प्रधानसेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा. सँग नेपाल भ्रमणमा रहनु भएका नेपालका लागि दक्षिण कोरियाका गैर–ह आवासीय सैनिक सहचारी कर्णेल हुर स्यामनले जङ्गी अड्डामा शिष्टाचार भेटवार्ता गर्नु भयो।



प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा. सँग भेटवार्ताको क्रममा कर्णेल हुर स्यामन ।

सहचारी कर्णेल हुर स्यामनले मङ्सिर २८ गते नै जङ्गी अड्डाका अन्य विभागीय प्रमुखहरुसँग समेत भेट गर्नु भएको थियो ।

स्मरणीय छ, नेपाली सेनामा सञ्चालन हुने कमाण्ड तथा स्टाफ कलेज लगायत माउण्टेन वारफेर तालिमहरुमा दक्षिण कोरियाली सेनाको अधिकृतहरुको संलग्नता रहँदै आएको छ। नेपाल भ्रमणमा पूरा गरी कर्णेल हुर स्यामन मङ्सिर २९ गते नयाँ दिल्ली फिर्ता हुनु भएको थियो ।

# अभ्यास सूर्य किरण चौथो समापन

बारा जिल्लास्थित प्रतिविद्रोह तथा जङ्गल वारफेयर शिक्षालयमा गत मङ्सिर १८ गतेदेखि सञ्चालन भएको अभ्यास सूर्य किरण चौथो, इन्डो नेपाल गुल्मस्तरको तालिमको यही पुस १ गते बलाधिकृत रथी श्री नेपाल भूषण चन्दले एक कार्यक्रमकाबीच समापन गर्नुभयो ।

तालिम समापन गर्नुहुँदै बलाधिकृत रथी श्री चन्दले सो संयुक्त तालिममा सक्रिय सहभागी भइ सफलताका साथ तालिम सम्पन्न गरेकोमा शिक्षार्थीहरुलाई बधाई तथा धन्यवाद दिनुभएको थियो। साथै उहाँले उक्त संयुक्त तालिम दुई राष्ट्रबीचको सम्बन्ध विस्तारमा सहयोगी सिद्ध हुने विश्वास राख्नु भयो । रथी श्री चन्दले यस किसिमको संयुक्त तालिमले प्रतिविद्रोह तथा प्रतिआतकंवाद सम्बन्धी ज्ञानलाई एक आपसमा आदान-प्रदान गरी पेशागत क्षमतालाई अभिवृद्धि गर्नुका साथै दुई राष्ट्रबीचको सैनिक सम्बन्धलाई बलियो बनाएको धारणा राख्नु भयो ।



बलाधिकृत रथी श्री नेपाल भूषण चन्द अभ्यास सूर्य किरण चौथो समापनका अवसरमा नेपाल आउनु भएका भारतीय सेनाका मेजर जनरल जे.एस.चिमालाई नेपाली सेनाको तर्फबाट सम्झनाको चिनो हस्तान्तरण गर्नुहुँदै।

तालिम समापन समारोहमा भारतीय सेनाका मेजर जनरल जे.एस.चिमा, माउन्टेन डिभिजनका बिग्रेडियर सन्दिप काला, भारतीय राजदुतावासमा कार्यरत सैनिक सहचारी कर्णेल अजय पासवोला, कुमाउ रेजिमेन्ट १५ औं बटालियनका कमाण्डिङ्ग अफिसर एस.के. यादवको साथै मध्यपृतनापति उपरथी श्री राजेन्द्र क्षत्री, नं.७ वाहिनीपति सहायक रथी श्री कमलेश बहादुर सिंह, सैनिक विनय महानिर्देशनालयका महासेनानी श्री प्रकाश कुमार के.सी. र चण्डी प्रसाद गणका गणपति प्रमुख सेनानी श्री मोहन क्षत्री लगायत शिक्षालयका अधिकृत, पदिक तथा अन्य दर्जाको सहभागिता रहेको थियो ।

सो संयुक्त तालिममा नेपाली सेनाको चण्डी प्रसाद गण अन्तर्गत अधिकृत, पदिक र अन्य दर्जा गरी १२७ जना र भारतको कुमाउ रेजिमेन्ट १५ औं बटालियनका अधिकृत, पदिक र अन्य दर्जा समेत १४५ जना गरी जम्मा २७२ जना शिक्षार्थीको सहभागिता रहेको थियो ।

# 'वातावरण सफा दिन' घोषणा

प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा. आफ्नो सरकारी निवास भ्रूम्सीखेलबाट यही पुस ६ गते साईकलमा कार्यालय आउनुभइ कार्यालय समयपछि साईकलबाटै भ्रूम्सीखेल फर्किनु भयो । सो दिन प्रधान सेनापतिजस्तै गरी जङ्गी अड्डामा कार्यरत रथीवृन्द तथा अधिकृतहरुलेसमेत कार्यालय आउँदा-जाँदा पैदल या साईकलबाट आवतजावत गरेका थिए ।



प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.साईकलबाट कार्यालय आउनु हुँदै ।

काठमाण्डौ उपत्यकामा बढ्दो सवारी चापको कारण बिग्रदो वातावरणलाई दृष्टिगत गरी नेपाली सेनाले हरेक शुक्रबार **'वातावरण सफा दिन'** को घोषणा गरेकोले उहाँहरु साईकल या पैदल कार्यालय आउनु भएको हो । नेपाली सेनाले जारी गरेको निर्देशनअनुसार अबदेखि हरेक हप्ताको शुक्रबार रथीवृन्द तथा अधिकृतहरुले सरकारी सहुलियतको गाडी वा नीजि गाडी/मोटरसाईकलसमेत प्रयोग गर्न निषेध गरिएको छ । यही पुस ६ गतेबाट लागु गरिएको 'वातावरण सफा दिन' घोषणालाई व्यवहारिकरुपमा कार्यन्वयन गर्न हाललाई काठमाण्डौ चक्रपथभित्रका कार्यालयमा कार्यरत रथीवृन्द तथा अधिकृतहरुलाई यो नियम लागु गरिएको कार्यरथी विभाग (वे.वृ.) ले जनाएको छ ।

# प्रि-डिप्लोएमेन्ट तालिम निरीक्षण

राष्ट्रपति तथा नेपाली सेनाका परमाधिपति डा. श्री रामवरण यादवले कंगोमा तैनाथ हुन जाने श्री भैरवीदल गण (शा.से.) १८ औ डफ्फालाई यही पुस ८ गते शुभकामना सन्देश दिनु भएको छ ।

राष्ट्रपतिले दिनुभएको उक्त शुभकामना सन्देश पुस ८ गते प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.ले पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा प्रि-डिप्लोएमेन्ट तालिम निरीक्षण गर्ने क्रममा शान्ति सैनिकहरुलाई पढेर सुनाउनु भयो । राष्ट्रपति डा. श्री यादवले दिनु भएको शुभकामना सन्देशमा नेपाली सेनाले विश्वमा शान्ति स्थापना कार्यमा खेलेको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्दै कंगोमा नेपाली शान्ति सैनिकहरुले उच्चस्तरको पेशागत दक्षता प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नु भएको छ ।



प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा. शान्ति सैनिकहरुलाई सम्बोधन गर्नुहुँदै ।

यसैबीच, पाँचखालमा प्रस्तुत प्रि-डिप्लोएमेन्ट तालिम निरीक्षणकै क्रममा प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.ले पनि आफ्नोतर्फबाट शान्ति सैनिकहरुलाई सम्बोधन गर्नु भएको थियो । प्रधान सेनापतिले शान्ति सैनिकहरुलाई सम्बोधन गर्नुहुँदै नेपाली सेनाले इतिहासका विभिन्न आरोह अवरोहबीचमा पनि आफ्नो मूल पेशागत चरित्र जोगाई एकढिक्का भएर नेपाल र नेपालीको भरपर्दो शक्ति बनेको बताउदै शान्ति सैनिकहरुले आफूलाई प्राप्त जिम्मेवारी प्रशंसनीय ढङ्गले पूरा गर्ने विश्वास लिनुभएको छ ।

पाँचखालमा आयोजित उक्त कार्यक्रममा रक्षा सचिव श्री तिलकराम शर्मा, बलाध्यक्ष रथी श्री नेत्रबहादुर थापालगायत उच्च पदस्थ अधिकृतहरुको उपस्थिति रहेको थियो । प्रमुख सेनानी श्री राजाराम के.सी. को नेतृत्वमा कंगोमा तैनाथ हुन जाने भैरवीदल गण शा.से. १८ औं डफ्फा यही पुसको अन्तिम साताबाट मिशनतर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको छ ।



अभ्यास सूर्य किरण चौथो, इन्डो नेपाल गुल्मस्तरको तालिम समापनको अवसरमा अतिथिहरुसँग तालिमका शिक्षक तथा सहभागी शिक्षार्थीहरु

मुद्रण : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृष्य महाशाखा, छापाखाना शाखा कलर स्क्यानिङ्ग : डिजीटेक, पुल्चोक सम्पादन सहयोगी : प्रा.सु. विनोद अधिकारी ले-आउट: प्रा.जम. कृष्ण सिंह बोहरा/प्रा.अम. बुद्धि प्रसाद पनेरु




सिपाही पाक्षिक अतिरिक्ताङ्क

१५ पुस २०६९

पश्चिम पृतनापति



उपरथी श्री यज्ञविक्रम राणा

नं. २२ वाहिनीपति



सहायक रथी श्री अरुण घले

गणपति



प्र.से. रामकाजी रानामगर

# श्री चन्दननाथ गणको संक्षिप्त इतिहास

"देखाउ वीर भक्ति लिएर शिव शक्ति" भन्ने आदर्श वाक्य रहेको श्री चन्दननाथ गणको इतिहासलाई फर्केर हेर्दा नेपालको एकीकरण अभियानमा श्री ५ रण बहादुर शाहको राज्यकालमा वि.सं. १८५५ पौष २३ गते श्री चन्दननाथ बाबाको नामबाट श्री चन्दननाथ कम्पनीको रुपमा जुम्लामा स्थापना भएको थियो । स्थापना कालपछि यस पल्टनले वि.सं. १८६६ सालमा पन्थजडामा बाह्र ठकुराईसँग भएको युद्धमा बहादुरीकासाथ लडी विजय प्राप्त गरेको थियो भने तत्कालीन यस गुल्मले वि.सं.१९११-१२ सम्मको नेपाल-भोट युद्धमा तिब्बतको ताउलाखार, खोमर, मुगु, लुगु र चुकु खोलामा बहादुरीपूर्वक लडाइँ लडेको पाइन्छ । यसैगरि वि.सं.२०२४ साल पौष २३ गते श्री चन्दननाथ मिलिसिया कम्पनीबाट नेपाली सेनाको अनाश्रित गुल्म (चन्दननाथ गुल्म) मा परिणत भएको थियो । वि.सं.२०६१ सालमा विभिन्न गुल्महरु गणमा परिणत हुने क्रममा श्री चन्दननाथ गुल्म पनि २०६१ साल श्रावण ८ गते डोल्पामा रहँदा श्री चन्दननाथ गणमा परिणत भएको थियो । यसरी यस गणले स्थापना कालदेखिनै देश र जनताको सेवा, सुरक्षार्थ लगायत राष्ट्र निर्माण कार्यमा आफ्नो कर्तव्य निर्वाह गर्दै आएको कुरा इतिहासले प्रष्ट पारेको छ । यसैक्रममा गणको २१२ वर्ष लामो इतिहासमा पहिलो पटक विश्व शान्ति स्थापनार्थ पवित्र कार्यमा यस गणको झण्डा मिसन मिनुस्था हाईटीमा सहभागी हुने मौका पाएको थियो । २०१० जनवरी १२ मा हाईटीमा आएको विनासकारी महाभूकम्पमा प्रशंसनीय उद्धार कार्य गरेकोले संयुक्त राष्ट्रसंघ तथा नेपाल सरकारद्वारा यस गणलाई प्रशंसा-पत्र प्राप्त भएको थियो । गौरवमय इतिहास र परम्परा भएको नेपाली सेनाको छविलाई सदा उच्च राख्नुको साथै राष्ट्रिय हितलाई सदैव सर्वोपरी राखी वाह्य एवं आन्तरिक चुनौतीहरुप्रति हरहमेसा सजक, सतर्क र सचेत रहँदै देशको विभिन्न ठाउँमा तैनाथभइ वि.सं. २०६६ चैत १ गतेदेखि यस गण अर्घाखाँची जिल्लाको सदरमूकाम सन्धिखर्क व्यारेकमा तैनाथ छ ।

## कर्णेल कमाण्डाण्ट



अ.प्रा.उपरथी श्री नर बहादुर कँडेल गुल्मी जिल्ला श्रृङ्गा गाविसमा जन्मनुभइ वि.सं.२०३२ सालमा नेपाली सेनामा सेवा प्रवेश गरी अधिकृत क्याडेट तालिमपछि सहायक सेनानी दर्जामा आयुक्त भइ श्री पशुपति प्रसाद गणमा नियुक्त हुनुभएको थियो । उहाँले श्री चन्दननाथ गण (तत्कालीन गुल्म) को गुल्मपति, श्री पशुपति प्रसाद गणको गणपति, श्री नं.२३ वाहिनी अड्डाको वाहिनीपति, नेपाली सैनिक प्रतिष्ठान खरिपाटीको कमाण्डाण्ट र पश्चिम पृतना हे.क्वा.को पृतनापतिको महत्त्वपूर्ण जिम्मेवारी सम्हाली सक्नु भएको थियो । साथै उहाँले जंगी अड्डा अन्तर्गत कार्यरथीको कार्यभार समेत समाल्नुभएको थियो । त्यसका साथै २०६३ सालबाट हालसम्म उहाँ श्री चन्दननाथ गणको कर्णेल कमाण्डाण्टको रुपमा नियुक्त हुनुभएको छ ।

## श्री चन्दन नाथ गणको निशान







चन्दननाथ गणको अगाडिको निशान (अ.नि.) र पछाडिको निशान (प.नि.)को बाहिरी घेरा पहेँलो सिल्क र फर्दाको भित्री भाग रातो रङ्गको रहेको छ । निशान फर्दाको बनावट त्रिभूज आकारको रहेको छ । निशान फर्दाको तेर्सो लम्बाई ६ फिट ६ इन्च, लम्बाईको अन्तिम छेउबाट तलतिर छड्के साईजमा नाप ९ फिट १० १/२ (साढे दश) इन्च छ भने निशानको डण्डाको पूरा उचाई ९ फिट १ १/२ (साढे एक) इन्च रहेको छ । निशानको फर्दाको बीच भागमा दाहिनातर्फ ९" ९" (नौ ईन्च वाई नौ ईन्च) नापको सेतो रङ्गको भगवानको जोर पाउ अङ्कित छ । मूल निशान अ.नि. र प.नि. मा २/२ वटा चाँदीको ढुङ्ग्री, ६/६ वटा चाँदीको फुली, २/२ वटा चाँदीको अडेसा, २/२ वटा चाँदीका तिलहरी र १/१ वटा चाँदीका चुरा रहेका छन् । मूल निशान अ.नि.को चाँदीको डण्डीमा "सम्वत् १८८५ साल वैशाख सुदि १ रोज १ मा श्री चन्दननाथ पल्टनको निशान फेर्दा श्री ५ महाराजा राजेन्द्र विक्रम शाहबाट चढाउनु भएको फत् वहादुरी वाण शाह चाँदी तोला जम्मा ३७ शुभम्" लेखिएको छ । यस गणले तत्कालीन कम्पनी रहँदाको समयमा वि.सं.२०१९/९/२३ गते निशान प्राप्त गरेको थियो ।

## चन्दन नाथ गणको झण्डा

चन्दननाथ गणको झण्डाको बाहिरी किनारा सेतो र पहेँलो रङ्ग तथा भित्री झण्डाको कपडाको रङ्ग कलेजी रातो रङ्गको रहेको छ । झण्डाको पूरा लम्बाई तेर्सो १३६ से.मी., चौडाई ठाडो ८८ से.मी. रहेको छ । झण्डाकोबीचमा गणको चिन्ह (लोगो) १३ से.मी./१३ से.मी. को दाहिनापट्टि सेतो रङ्गको सूर्य र बायाँपट्टि १३ से.मी./१३ से.मी. को बायाँ ढल्किएको सेतो रङ्गको अर्ध चन्द्रमा चन्द्र सूर्यकोबीच भागमा १८ से.मी.नापको सेतो रङ्गमा खुकुरी क्रस र खुकुरी क्रसमाथि सेतो हिमाल वा भगवतीको शीरमा लगाउने ताजकोबीचमा भगवानको जोर पाउ चिन्ह अङ्कित छ । गण चिन्ह (लोगो) को तलतिर सेतो रङ्गमा गणको आदर्श वाक्य 'देखाउ वीर भक्ति, लिएर शिव शक्ति' लेखिएको छ । बायाँपट्टि अन्य युनिटको झण्डासरह नेपालको राष्ट्रिय झण्डा जोडिएको छ । झण्डालाई हरेक दिन विहान फष्ट लाईटमा चढिसकेपछि व्राम्हणद्वारा पूजा गरिन्छ र वार्षिकोत्सवको दिन नयाँ झण्डा बदली गरिने प्रचलन रहेको छ ।




## २१४ औं वार्षिकोत्सव

चन्दननाथ गणको २१४ औं वार्षिकोत्सवको अवसरमा वि.सं.२०६९ साल साउन ८ गते गणका गणपति प्रमुख सेनानी श्री रामकाजी राना मगरले क्वार्टर गार्डमा विधिवत्‌रुपमा निशान पूजा तथा झण्डोत्तोलन गर्नु भएको थियो । उक्त अवसरमा उहाँले कर्तव्यपालनको सिलसिलामा वीरगति प्राप्त वीर शहीदहरुको सम्झनामा गण हाताभित्र निर्माण गरिएको चन्दन स्मारकमा माल्यार्पण गर्नुभएको थियोभने गणका सकलदर्जालाई सम्बोधन गर्दै गणको इतिहास पढेर सुनाउनुभएको थियो ।



निशानपूजा गर्नुहुँदै गणपति प्र.से.श्री रामकाजी रानामगर

### रात्रीभोज तथा सांस्कृतिक कार्यक्रम

गणको २१४ औं वार्षिकोत्सवको कार्यक्रम सकलदर्जा र परिवारजनहरुलाई २०६९ आश्विन ११ गते र विशेष अतिथिहरुको लागि आश्विन १३ गते विभिन्न कार्यक्रमहरु आयोजना गरी बार्षिकोत्सव मनाइएको थियो । आश्विन ११ गते सकलदर्जा, परिवारजन, शहीद परिवार, भूतपूर्व सैनिक र आमन्त्रित अतिथिहरुलाई रात्रीभोजको व्यवस्था गरी सोही दिन साँझ सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । यसैगरि आश्विन १३ गते आयोजित कार्यक्रममा नं. २२ वाहिनीपति सहायक रथी श्री अरुण घलेले अन्तरगुल्म खेलकुद प्रतियोगिताका विजयी खेलाडी तथा गुल्मलाई ट्रफि तथा नगद पुरस्कार प्रदान गर्नुभएको थियो । वार्षिकोउत्सवकै क्रममा असोज १३ गते कर्णेल कमाण्डाण्ट अ.प्रा.उ.र.श्री नर बहादुर कँडेलको प्रमुख आतिथ्यमा नं.२२ वाहिनीपति स.र.श्री अरुण घले, वाहिनीअन्तर्गतका गणपतिहरु, जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु, स्थानीय भद्र भलाद्मीहरु, समाजसेवीहरु, पत्रकारहरु सम्मिलित रात्रीभोज तथा सांस्कृतिक कार्यक्रम 'चन्दन साँझ' को आयोजना गरिएको थियो । उक्त अवसरमा गणपति प्र.से.श्री रामकाजी रानामगरले स्वागत मन्तव्य व्यक्त गर्नुकासाथै गणको संक्षिप्त इतिहास पढेर सुनाउनु भएको थियो । सोही कार्यक्रममा कर्णेल कमाण्डाण्ट अ.प्रा.उपरथी श्री नर बहादुर कँडेलले अन्तरगुल्म प्रतियोगिताको उत्कृष्ट गुल्म 'घ' गुल्मलाइ ट्रफि तथा च्याम्पियन झण्डा प्रदान गर्नुभएको थियो ।



वार्षिकोत्सवको अवसरमा राष्ट्रिय गान गाउँदै गणका अधिकृत तथा पदिकहरु



गणका वीरगति प्राप्त सैनिकहरुको सम्झनामा निर्माण गरिएको चन्दन स्मारक

## श्री चन्दननाथ गुल्म रहँदाका गुल्मपतिहरु

| दर्जा | नाम थर | देखि | सम्म |
|---|---|---|---|
| उ.से. | श्री नरेन्द्र बहादुर शाह | २०२०/०९/२३ | २०२२/१०/१७ |
| उ.से. | श्री कृष्ण बहादुर खत्री | २०२२/१०/१८ | २०२४/१०/१८ |
| उ.से. | श्री नरेन्द्र बहादुर शाह | २०२४/१०/१९ | २०२५/०९/२४ |
| सह.से. | श्री डम्वर बहादुर थापा | २०२५/०९/२५ | २०२९/०९/०२ |
| सह.से. | श्री केदार बहादुर बस्नेत | २०२९/०९/०३ | २०३१/०९/०४ |
| सह.से. | श्री ललित बहादुर बुढाथोकी | २०३१/०९/०५ | २०३३/०४/२८ |
| सेनानी | श्री सिद्धि जंग बहादुर सिंह | २०३३/०४/२९ | २०३५/०४/२९ |
| सेनानी | श्री बालानन्द शर्मा | २०३५/०४/३० | २०३७/०२/०५ |
| सेनानी | श्री चित्र बहादुर गुरुङ्ग | २०३७/०२/०६ | २०३८/०५/२४ |
| सेनानी | श्री डिल्लीराम बास्तोला | २०३८/०५/२५ | २०४०/०६/१९ |
| सेनानी | श्री कुल बहादुर खड्का | २०४०/०६/२० | २०४२/०२/२६ |
| सेनानी | श्री नर बहादुर कंडेल | २०४२/०२/२७ | २०४४/१०/०९ |
| सेनानी | श्री दामोदर सिल्वाल | २०४४/१०/१० | २०४६/०२/१० |
| सेनानी | श्री प्रमोद घिमिरे | २०४६/०२/१९ | २०४८/०३/३० |
| सेनानी | श्री कृष्ण बहादुर खत्री | २०४८/०३/३१ | २०५१/०१/०१ |
| सेनानी | श्री प्रकाशसिंह बोगटी | २०५१/०१/०२ | २०५२/०५/२५ |
| सेनानी | श्री जयन्द्र वीर सिंह बस्नेत | २०५२/०५/२६ | २०५४/०४/०१ |
| सेनानी | श्री किश्वर सिल्वाल | २०५४/०४/०२ | २०५६/०२/०८ |
| सेनानी | श्री शेरसिंह विष्ट | २०५६/०२/०९ | २०५८/०२/१४ |
| सेनानी | श्री राम राणा | २०५८/०२/१५ | २०५९/११/०७ |
| सेनानी | श्री जितेन्द्र जंग कार्की | २०५८/११/०८ | २०६१/०४/०७ |

## गण प्यारेन्ट युनिट कायम भएका अधिकृतहरु


| सि.नं | क.नं. | दर्जा | नाम थर |
|---|---|---|---|
| १ | ३८६० | सह.से. | अर्थजंग बहादुर सिंह |
| २ | ३८६१ | ,, | लक्ष्मी प्रसाद गौतम |
| ३ | ३८८४ | ,, | सागर थापा |
| ४ | ३८९८ | ,, | पूर्णराज शाक्य |
| ५ | ३९६३ | ,, | विक्रमदेव थापा |
| ६ | ३९७२ | ,, | दिपेन्द्र कार्की |
| ७ | ४०३३ | उ.से. | श्री कृष्ण अधिकारी |
| ८ | ४०३५ | सह.से. | वेद प्रसाद पौडेल |
| ९ | ४०५८ | ,, | भिष्म के.सीं. |
| १० | ४०९४ | अ.प्रा.उ.से. | हरिगोपाल श्रेष्ठ |
| ११ | ४१२५ | सह.से. | डिल बहादुर खड्का |
| १२ | ४२०६ | ,, | सौगात सिंखडा |
| १३ | ४३९५ | ,, | चिरञ्जीवी बोहरा |
| १४ | ४४६६ | ,, | अनिल पन्त |
| १५ | ४४७७ | ,, | ज्ञानु थापा |
| १६ | ४५३१ | ,, | दान बहादुर खड्का |
| १७ | ४६०९ | ,, | जुद्ध बहादुर निरौला |
| १८ | ४७८२ | ,, | जगन्नाथ रानाभाट |
| १९ | ४९०३ | ,, | पूर्ण बहादुर तामाङ |
| २० | ४९१० | ,, | हरि बहादुर बोगटी |
| २१ | ५०६४ | ,, | प्रभात सिंह |
| २२. | ५२२० | ,, | ललित चन्द |
| २३. | ५२५८ | ,, | बिकास पुरी |
| २४. | ५३५८ | ,, | खड्गध्वज कार्की |
| २५. | ५४७६ | उ.से. | नोम बहादुर जी.सी. |
| २६. | ५४९९ | ,, | मुकुन्द पुडासैनी |
| २७. | ५५३७ | ,, | सविन खड्का |
| २८. | ५५६६ | ,, | मिनेश कुमार वि.क. |
| २९. | ५६६१ | ,, | महेन्द्र बहादुर मल्ल |
| ३० | ५८०५ | ,, | श्री नारायण बहादुर अर्याल |

## उत्कृष्ट जवान



गणमा कार्यरत सकलदर्जाहरु मध्येवाट अनुशासित, कर्तव्यनिष्ठ, पेशाप्रति दक्ष एवं क्रियाशिल जवान छनौटगरि वर्षको उत्कृष्ट जवान घोषणा गर्ने चलन अनुरुप वर्षभरिको कार्य मूल्याङ्कन, अनुशासन, युनिटप्रतिको योगदान आदि विविध पक्षहरुको समेत मूल्याङ्कनगरि यस वर्षको सर्वोत्कृष्ट जवान भेरी अञ्चल, सुर्खेत जिल्ला, पाम्का गाविस वडा नं. १ डम्बर बहादुर रानाको छोरा यस गणका "ख" गुल्मका क.नं. २५२१६४ सि.टेक बहादुर राना घोषित हुनु भएको छ। वि.सं. २०६४ फागुन २६ गते नेपाली सेनाको सैन्य दर्जामा भर्ना हुनु भएका उहाँले निजामतितर्फ ८ पास तथा सैनिकतर्फ सेकेण्ड क्लास पास गर्नु भएको छ। उहाँले युनिट आधार तालिम तथा बि.क्या.ग्रेड-३ तालिम गर्नुभएको छ। कर्तव्यनिष्ठ, अनुशासित, बफादार एवं खेलप्रति विशेष अभिरुची राख्ने सिपाही रानाले पेशागत प्रतियोगिता तथा अन्तरगुल्म खेलकुद प्रतियोगिता २०६९ मा १ माईल तथा क्रस कन्ट्रि दौडमा प्रथम तथा २ माईल दौड प्रतियोगितामा द्धितीयस्थान हासिल गर्नु भएको थियो।

## हालसम्मका प्रमुख सुवेदारहरू

①  


| सि.नं. | दर्जा | नाम थर | कार्यकाल |
|---|---|---|---|
| १ | प्र.सु | कमान सिह पुन | २०६१/०६/२२-२०६३/०६/२२ |
| २ | प्र.सु | भक्त बहादुर कार्की | २०६३/०२/२९-२०६८/०३/२९ |
| ३ | प्र.सु | राम बहादुर रावत | २०६८/१०/१५- हालसम्म |

## गणमा कार्यरत पदिकहरु

| सि.नं. | क.नं. | दर्जा | नाम थर |
|---|---|---|---|
| १ | १४६५०६ | प्र.सु. | राम बहादुर रावत |
| २ | १४६५०९ | सु. | महेश कुमार शाही |
| ३ | १४६४९५ | सु. | नर बहादुर थापा |
| ४ | १३८२३३ | सु. | नन्दवीर शाही |
| ५ | १४५५३७ | सु. | जय बहादुर ओली |
| ६ | १४८७८३ | सु. | रघु कुमार श्रेष्ठ |
| ७ | १२५४०६ | ले.सु.क. | रामचन्द्र मल्ल |
| ८ | १३०५६९ | जम.क. | शिवहरि अर्याल |
| ९ | २२८३९२ | ले.जम.क. | राजु बोहरा |
| १० | १६०४२९ | जम. | रेशम कुवर |
| ११ | १५०८५५ | जम. | मिन बहादुर रावल |
| १२ | १५३७१८ | जम. | टुम बहादुर घ.म. |
| १३ | १५६०२८ | जम. | भरत बहादुर घर्ती |
| १४ | १४८८५४ | जम. | टिकाराम सापकोटा |
| १५ | १५६०३३ | जम. | कृष्ण प्रसाद गौतम |
| १६ | १५०८२५ | जम. | मनवीर रावल |
| १७ | १५८६२० | जम. | दुर्गा बहादुर वि.क. |
| १८ | १५४६२४ | जम. | शालिकराम अधिकारी |
| १९ | १५८६३९ | जम. | गणेश बहादुर बुढाथोकी |
| २० | १५८६२९ | जम. | नारन पाडे मगर |
| २१ | १६५२१७ | जम. | जेव बहादुर थापा |
| २२ | १६७९८७ | जम. | नारायण श्रेष्ठ |
| २३ | १५६०३० | जम. | गोविन्द सुवेदी |
| २४ | १४६५१५ | जम. | सूर्य कुमार शाही |
| २५ | १५८६३० | जम. | देब बहादुर कुमाल |
| २६ | १६१८५९ | जम. | बुद्धि बहादुर थापा |
| २७ | १५६०२६ | जम. | फाम बहादुर राना |
| २८ | १५४५५३ | जम. | लक्ष्मण सिंह धामी |
| २९ | १७५२८६ | मू.प.जम. | भूपेन्द्र प्रसाद अर्याल |
| ३० | १५८६३७ | जम. | गम्भीर गुरुङ्ग |
| ३१ | १५८६४६ | जम. | पूर्ण बहादुर थापा |

# गणले गरेको विविध सामाजिक कार्यहरू

- गणको जिम्मेवारी इलाका अन्तर्गत पर्ने अर्घाखाँची जिल्लाको खन गाविस वडा नं. ५ र ६ को सिमानास्थित अमिले इलाकामा सञ्चालन गरेको सामूहिक तालिम (पहिलो चरण) बाट किरण माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको लिखित अनुरोधमा उक्त विद्यालयको चार कोठे भवनमा सिमेन्ट प्लाष्टर, ३ वटा सिँढी निर्माण, विद्यालय प्रवेश गर्ने दुई वटा गेटको लागि ४ वटा पिलर निर्माण गरेको र विद्यालयले उपलब्ध गराएको पिकेट र काँढे तारद्वारा ४ वटा भवनमा कम्पाउण्ड घेर्ने कार्य गरेको थियो।
- जिल्लाको विभिन्न ठाउँहरु (मन्दिर, टुँडिखेल, स्कूल) मा सरसफाइ तथा निर्माण कार्य गरेको थियो।
- अविरल वर्षाको कारण यस जिल्लाको खाँचीकोटमा रहेको खानेपानी ट्याङ्की तथा पाइपहरु पुरिएकोले स्थानीय व्यक्तिहरुको आग्रहमा यस गणबाट विभिन्न मितिमा टोलीहरु खट्टिई ट्याङ्की मर्मत तथा पुरिएको पाइपहरु निकाली खानेपानी सूचारुरुपमा सञ्चालनमा ल्याएको थियो।

उद्धार कार्य : बुटवलबाट सन्धिखर्कतर्फ आउँदै गरेको बा.२ ख ७९४८ नम्बरको फोर्स मोडलको गाडी अर्घाखाँची जिल्ला नरपानी गाविस वडा नं. ५ स्थित दहखोला इलाकामा सडकबाट करीब ५०० मिटर तल खसी दुर्घटना हुँदा यस गणबाट उद्धार टोली गइ उद्धार कार्य गरेको थियो। उक्त दुर्घटनामा परेका व्यक्तिहरुमध्ये १५ जना घटनास्थलमै र २ जनाको उपचारको क्रममा अर्घाखाँची जिल्ला अस्पतालमा मृत्यु भएको थियो।

वृक्षरोपण कार्यमा सहयोग: 'विश्व वातावरण दिवस २०६८' को अवसरमा यस गणको हाताभित्र ४२५ वटा विभिन्न जातका बोट बिरुवाहरु रोपिएको थियो। वन महोत्सवको उपलक्ष्यमा यस गणको सहभागितामा सन्धिखर्क नगरपालिका-७ स्थित भलायडाँडा सामुदाायिक वनमा अमला कपोक, लप्सी, तेजपत्ता, सिरिष जस्ता विभिन्न जातका १००० गोटा विरुवाहरु रोपिएको थियो। अर्घाखाँची जिल्ला ठाडा गाविसस्थित रातामाटा वन उपभोक्ता समितिले आयोजना गरेको वृक्षरोपण कार्यक्रममा सुरक्षा बेश ठाडाबाट खट्टिगएको टोलीले विभिन्न जातका करीब २०,००० बिरुवाहरु रोपिएको थियो।

प्राकृतिक प्रकोपमा सहयोग : अर्घाखाँची जिल्ला खाँचीकोट गाविस वडा नं. १ र ९ मा पर्ने मियुडाँडा र दोभान सामुदायिक वन र किमडाँडा गाविस वडा नं.२ भोद्रेखोला सामुदायिक वनमा आगलागी भएपछि उक्त इलाकामा आगो नियन्त्रण गरेको थियो। अर्घाखाँची जिल्ला खन गा.वि.स. वडा नं.३ र सन्धिखर्क गाविस वडा नं.९ स्थानीय निवासी बिष्णु प्रसाद रिजाल र धन बहादुर नेपालीको घरमा विभिन्न मितिमा आगलागी हुँदा यस गणबाट खट्टिएको टोलीले आगलागी नियन्त्रणमा लिएको थियो।

**सडक निर्माण तथा मर्मत कार्यमा सहयोग** सन्धिखर्कको हटारीनेटादेखि शिवालय मन्दिरसम्मको ५ की.मी. बाटो वर्षात्को कारण अवरुद्ध भइ यातायात बन्द भएपछि यस गणबाट गएको टोलीले श्रमदान गरी बाटो मरामत तथा सुचारु गरेको थियो।

यस गण अन्तर्गत रहेको सु.बेश ठाडाको दक्षिणतर्फ पर्ने अमराई बजारबाट स्थानीय जनताहरुले खेतीपाती गर्न जाने बाटो विगतमा वर्षातको कारणले भत्कन गइ आवत-जावत गर्न कठिनाई भएको र स्थानीय जनताले सो बाटो मर्मत गराई दिनु भनि आग्रह गरेपछि उक्त पोष्टबाट खट्टिगएको टोलीले बाटो मर्मत गरेको थियो। साथै सो वाटो मर्मत पश्चात् अमराईदेखि बाडगंगासम्म १ की.मी.बाटो निर्माण भएपछि स्थानीय जनतालाई कृषि तथा खेतिपाती कार्यका लागि सहज भएको छ।

अविरल वर्षाको कारण अर्घाखाँची जिल्ला ठाडा गाविस कोप्चीबास भन्ने स्थानमा पहिरो गई सडक अवरुद्ध भएकोले यस गण अन्तर्गत रहेको सुरक्षा बेश ठाडाबाट गएको उद्धार टोलीले उक्त पहिरो हटाई अवरुद्ध सडक सुचारु गरेको थियो। अर्घाखाँची जिल्लाको खन गाविसमा सञ्चालन भएको सामूहिक तालिम (पहिलो चरण) का शिक्षार्थीहरुद्वारा सोही गाविस वडा नं.५ स्थित किरण माध्यामिक विद्यालयको पर्खाल बनाउने, भित्ता प्लास्टर गर्ने र पेरिमिटर फिनिसिङ्ग गर्ने कार्यसमेत गरेको थियो।

अर्घाखाँची जिल्ला खाँचीकोट गाविस वडा नं.१ स्थित प्रसिद्ध ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्त्व बोकेको खाँचीकोट दरबार (पृथ्वीनारायण शाहको बुबा नरभूपाल शाहको रानी चन्द प्रभावती शाहको माईती दरबार) र भगवती मन्दिरसम्म पुग्ने करीब ९०० मिटर पक्कि सिँढी निर्माणको लागि खाँचीकोट दरबार र भगवती मन्दिर संरक्षण समितिबाट जनशक्ति सहयोग माग भएपश्चात् यस गणबाट गएको टोलीले पैदल मार्गमा पक्कि सिँढी निर्माण कार्य गरेको थियो।

